# सतार जातिको विवाह संस्था र त्यसमा आएको परिवर्तन

(झापा जिल्ला बिर्तामोड नगरपालिका वडा न. ७ गरामनीको एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत

समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको

आंशिक आवश्यकता पुरा गर्न तयार पारिएको

**शोधपत्र**


शोधकर्ता

**तुलसादेवी दाहाल**

रोल नं. : २८२२९९

क्याम्पस रोल नं. : ६२२/०६७

समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं


२०७४

# त्रिभुवन विश्वविद्यालय
# समाजशास्त्र केन्द्रीय विभाग
# कीर्तिपुर, काठमाडौं

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि आंशिक आवश्यकता पुरा गर्ने उद्देश्यले प्रस्तुत “**सतार जातिको विवाह संस्था र त्यसमा आएको परिवर्तन**” विषयक शोधपत्र तुलसादेवी दाहालले मेरो निर्देशन, सुझाव तथा सुपरिबेक्षणमा तयार पार्नु भएको हो । उक्त शोधपत्रको अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समिति समक्ष पेश गर्दछु ।

..................................

शोध निर्देशक

डा. सुरेन्द्र मिश्र

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं ।

मिति :

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत सामाजशास्त्र विषयको स्नातकोत्तर तहका निम्ती तुलसादेवी दाहालद्वारा तयार पारिएको शोत्रपत्र "**सतार जातिको विवाह संस्था र त्यसमा आएको परिवर्तन**"स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

हस्ताक्षर

प्रा.डा. तुल्सीराम पाण्डे ......................................

(विभागीय प्रमुख)

डा. मीना उप्रेती ......................................

(बाह्य परीक्षक)

डा. सुरेन्द्र मिश्र ......................................

(शोध निर्देशक)

## प्रतिबद्धता पत्र

प्रस्तुत शोधपत्र **"सतार जातिको विवाह संस्था र त्यसमा आएको परिवर्तन"** मा लिएका विवरणहरु मेरो आफ्नै अनुशन्धानबाट प्राप्त भएका हुन् । यसक्रममा अन्यत्रबाट अध्ययन गरिएका सामाग्रीहरुलाई सन्दर्भ सुचीमा समाबेश गरिएको छ । यस शोधपत्रमा रहेका विवरणहरु अन्यत्रबाट साभार गरिएको भएमा त्यसको जिम्मेवारी लिनेछु ।

तुलसादेवी दाहाल
कीर्तिपुर, काठमाडौं ।

मिति :-

# कृतज्ञताज्ञापन

प्रस्तुत "**सतार जातिको विवाह संस्था र त्यसमा आएको परिवर्तन**" शीर्षकको शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक कार्य पूर्तिको लागि तयार पारिएको हो । यस शोधपत्र लेखनका क्रममा आवश्यक सूचनाहरु उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने बिर्तामोड ७, गरामनीका सम्पूर्ण सतारहरुमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । यस शोधपत्रको प्रस्तावना कार्य देखि अन्त्य सम्म आफ्नो अमूल्य समय दिई निर्देशन, सल्लाह, सुझाव एवं सहयोग प्रदान गर्नु हुने समाजशास्त्र केन्द्रीय विभागका डा. सुरेद्र मिश्र प्रति आभार व्यक्त गर्दछु । त्यस्तै शोधपत्रको तयारीको क्रममा स्वीकृति प्रदान गरि अनुसन्धान गर्ने अबसर दिनुहुने विभागीय प्रमुख प्रा.डा. तुल्सीराम पाण्डे ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । समाजशास्त्र केद्रीय विभागका सम्पूर्ण गुरु-गुरुआमाहरु प्रति समय समयमा सरसल्लाह, सुझाव प्रदान गर्नु भएकोमा धन्यवाद दिन चाहान्छु ।

त्यस्तै यस शोधपत्र तयार गर्ने क्रममा अध्ययन गरिएका कृतिका लेखक साथै प्रकाशक प्रति आभार व्यक्त गर्न चहान्छु । आवश्यक सूचनाहरु उपलब्ध गराउन सहयोग गर्नुहुने् शैक्षिक संस्थाहरुलाई धन्यवाद नदिरहन सक्दिन । मेरो शोधपत्रको लेखनमा सहयोग गर्नुहुने मित्रहरु रमेश वि.सी., लिला पौडेल र ईश्वरा पौडेल पनि धन्यवादको पात्र हुनुहुन्छ ।

मेरो जीवनको पाइलासँगै भौतिक, आर्थिक तथा हरेक क्षेत्रमा सहयोग गर्दै उच्च शिक्षा सम्म पठन प्रोत्साहन गरि यो अवस्थामा ल्याइदिनु हुने आदरणीय बुवा लोकनाथ दाहाल र आमा पुष्पादेवी दाहाल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी अहिलेको अवस्थासम्म पुऱ्याई शोधकार्य सम्पन्न गर्दाको समयसम्म पनि अझै हौसला, सहयोग र प्रेरणा दिइरहने बहिनी गोमादेवी दाहाल प्रति आभार व्यक्त गर्दछु ।

तुलसादेवी दाहाल

कीर्तिपुर, काठमाडौं ।

मिति :-

## विषय सूची

**अध्याय एक : परिचय** **१ - ६**
१.१ अध्ययनको पृष्ठभूमि १
१.२ विवाहको प्रकार २
१.३ समस्याको कथन ३
१.४ अध्ययनको उद्देश्य ५
१.५ अध्ययनको महत्व एवं सान्दर्भिकता ५
१.६ अध्ययनको संगठन ६
**अध्याय दुई : साहित्य समिक्षा** **७ - १४**
२.१ प्रकार्यात्मक सिद्धान्त : एक विश्लेषणात्मक ढाँचा ७
२.२ नेपालमा जातजाति सम्वन्धि अध्ययन ९
२.३ थरको उत्पत्ति १२
२.४ सतार जातिको नेपालमा आगमन १३
२.५ सतार जातिको विवाह सम्बन्धी समाजशास्त्रीय अध्ययन १४
**अध्याय तीन : अनुसन्धानको विधि** **१५ - १९**
३.१ अध्ययन क्षेत्रको छनौट १५
३.२ अनुशन्धान ढाँचा १६
३.३ तथ्याङ्कको स्रोत र प्रकृती १६
३.४ समग्रता र नमूना छनौट १७
३.५ तथ्याङ्क संकलन विधि १७
३.५.१ घरधुरी सर्वेक्षण १७
३.५.२ अन्तरवार्ता १७
३.५.३ अवलोकन १८
३.६ तथ्याङ्क विश्लेषण प्रकृया १८

३.७ अध्ययनको सीमा १८

**अध्याय चार : अध्ययनको क्षेत्र र सतार जातिको सामान्य परिचय २० - २५**

४.१ झापा जिल्लाको परिचय २०

४.२ बिर्तामोड नगरपालिकाको परिचय २१

४.३ उमेरका आधारमा बिर्तामोड नगरपालिका वडा न. ७ का सतारको जनसंख्या २२

४.४ पारिवारीक संरचना २४

**अध्याय पाँच : सतार जातिको विवाह २६ - ४७**

५.१ विवाह सम्बन्धि सामाजिक मूल्य मान्यता २६

५.२ सतार समूदायमा विवाहका लागि केटी खोज्ने प्रचलन २७

५.३ नेपेल २८

५.४ सतार समूदायमा विवाह प्रथा र तिनमा आएको परिवर्तन २९

५.४.१ किरिन बाहु बाप्ला (मागी विवाह) ३०

५.४.२ टुकी दिपाल बाप्ला (कम खर्चिलो विवाह) ३४

५.४.३ घरदी ज्वाई बाप्ला (घर ज्वाई विवाह) ३४

५.४.४ गोलाट बाप्ला (साटा-साट विवाह) ३५

५.४.५ निरबोलक बाप्ला (केटीको इच्छा अनुसारको विवाह) ३५

५.४.६ इटुक बाप्ला (केटाको इच्छा अनुसार विवाह) ३६

५.४.७ हिरोन चेतन बाप्ला (बहु विवाह) ३७

५.४.८ यदि केदिया अरमत बाप्ला (जारी विवाह) ३७

५.४.९ अपाङ्ग गीर बाप्ला (प्रेम विवाह) ३८

५.४.१० खाड्या बाप्ला (विधवा वा विदुर विवाह) ३९

५.४.११ होलि बाप्ला (भाउजु विवाह) ४०

५.५ विवाहको उमेरमा परिवर्तन ४२

५.६ अन्तरजातिय विवाह ४४

५.७ बेहुलाको पहिरन ४५

५.८  बेहुलीको पहिरन ४५
५.९ गर - गहना ४६
५.१० सतार समूदायमा अन्य पक्षमा आएको परिवर्तन ४६
५.११  बेहुला-बेहुली छान्ने अधिकारमा आएको परिवर्तन ४६
५.१२  दाइजो प्रथामा आएको परिवर्तन ४६
**अध्याय  छ : सारांश, र निष्कर्ष** **४८ - ५०**
६.१ सारांश ४८
६.२ निष्कर्ष ५०
**सन्दर्भग्रन्थ सूची**
**परिशिष्ट १**

# तालिका सूची


तालिका नं. १: उमेरका आधारमा बिर्तामोड नगरपालिका वडा न. ७ का सतारहरुको जनसंख्या २३

तालिका नं. २ : परिवारिक संरचना अनुसारपरिवार संख्याको विवरण २४

तालिका नं. ३ : विवाहका प्रकार र संख्या ४१

तालिका नं. ४ : दश वर्ष अघि विवाह गर्ने र हाल विवाह गर्नेको संख्या ४२

तालिका नं. ५ : प्रेम विवाह गर्ने मध्ये सजातिय र अन्तरजातिय विवाहको विवरण ४४

# अध्याय एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल एक बहुधार्मिक, बहुजातिय, बहुभाषिक तथा बहुसांस्कृतिक देश हो । भौगोलिक विविधताले युक्त यस देशमा जातिय विविधता पनि रहेको छ । यहाँ  आ-आफ्नै सामाजिक, सांस्कृतिक तथा धार्मिक पृष्ठभूमि भएका जनजाति तथा आदिवासी समूहहरू बसोबास गर्दछन् । वि.सं. २०६८ सालको जनगणना अनुसार यहाँ १२६ जातजातिका मानिसहरू बसोबास गर्दछन् । यँहा प्रत्येक जातजाति अनुसार भाषा, धर्म, रितीरिवाज, परम्परा, संस्कृति पनि फरक फरक रहेका छन् ।

विवाह एक महत्वपूर्ण र आधारभूत सामाजिक संस्था हो (मेकआइभर र पेज, १९७४) । विवाह पति र पत्नि एकै ठाउँमा रहि परिवारको सृजना गर्ने एक प्रक्रिया हो । जसलाई समाजले स्वीकृति दिएको हुन्छ । उनीहरु एक आपसमा रहि सन्तान उत्पादन गर्ने र उनीहरुको लालन पालन गर्ने गर्दछन् । समाजको परिवर्तन संगै विवाह प्रतिको बुझाइको विश्लेषणमा पनि परिवर्तन आउने गर्दछ । तर पनि सबै समाजमा विवाहलाई एउटा आधारभूत सामाजिक संस्थाका रुपमा लिइन्छ ।

नेपाली समाज सामाजिक, सांस्कृतिक, आर्थिक रुपमा रुपान्तरण भइरहेको छ (विष्ट, २०३०) । सामाजिक, सांस्कृतिक परिवर्तनको क्रम संगसंगै विवाहको प्रकार, किसिम र तिनको कार्य आदिमा पनि निरन्तर रुपमा परिवर्तन आउन थालेका छन् । मागी विवाहको ठाउँमा प्रेम विवाह, स्वाजातिय विवाहको ठाउँमा विजातिय विवाह, कम उमेरमा विवाह गर्ने ठाउँमा बढी उमेरमा विवाह गर्ने आदि प्रचलनहरु नेपाली समाजमा देखिन थालेका छन् । यस्तो परिवर्तन सतार समूदायमा पनि देखिन थालेको छ ।

नेपालमा मात्रै नभएर विश्व सभ्यतामा निकै उन्नत मानिएको हालको हिन्दूहरूको इतिहासलाई पनि यस क्रममा खोतलेर हेर्न सकिन्छ । शुरूमा उनीहरूका समाजमा विवाहसम्बन्धी बेग्लै मान्यता थियो

। समयसँगै सुधार गर्ने क्रममा नयाँ मान्यता देखापरेको हो । हिन्दूशास्त्र महाभारतको कथाअनुसार सातौं शताब्दीतिर उद्दालक ऋषिकी पत्नीलाई पतिकै अगाडिबाट अर्को ऋषिले लान खोजेका थिए । उनीहरूका छोरा श्वेतकेतुले विरोध गरेका थिए तर उद्दालकले धर्म अनुकूल बताए । त्यसपछि श्वेतकेतुले त्यहीबेला यो प्रथा खत्तम पार्ने प्रतिज्ञा गरे । यसप्रकार श्वेतकेतुले नै स्थायी विवाहको परम्परा बसाएका हुन् भनेर राहुल सांस्कृत्यायनले लेख्नुभएको छ । यस तथ्यले सो समयसम्म पनि विवाहले स्थायी स्वरूप लिइनसकेको भन्ने देखाउँछ । त्यस्तैगरि सनातन हिन्दू व्यवस्थाअनुसार आदिमानव मनु र सतरूपाका बीच विवाह भएको थियो । खिष्चियनले पनि यी दुई मान्यतालाई नै स्वीकार गरेको देखिन्छ । अर्थात् आदिमानव एक पुरुष र महिलाको बीच पहिलो विवाह भएको थियो (माहाभारत) ।

### १.२ विवाहको प्रकार

विश्वमा धेरै देश, मानवसमुदाय र सभ्यताहरू रहेका छन् । प्रत्येक मानव समुदाय वा जातिमा विवाहसम्बन्धमा फरक फरक संस्कारजन्य मान्यताहरू रहेका छन् । संख्या, सामाजिक प्रचलन र नियम, आधुनिकता र अन्य प्रचलनको आधारमा विवाहको प्रकार छुट्याउन सकिन्छ । अर्याल ( २०६८) विवाहलाई विषेशगरि चार प्रकारमा छुट्याएका छन् । जसमा संख्याको आधारमा एकल विवाह, बहुपत्नी विवाह, बहुपति विवाह र समूह विवाह गरी चार उपसमुह राखेका छन् । त्यस्सैगरि सामाजिक प्रचलन र नियमको आधारमा सजातीय विवाह, विजातीय विवाह र नातागत विवाह विवाह प्रचलनमा रहेका छन् । नातागत विवाहमा मामाचेला फुपूचेली विवाह, अनुलोम विवाह, प्रतिलोम विवाह, शाली विवाह र भाउजू विवाह रहेका छन् । आधुनिक वा पाश्चात्य विवाहको आधारमा हेर्ने हो भने प्रेम विवाह, दर्ता विवाह र समलिङ्गी विवाह रहेका छन् । त्यसैगरि हिन्दू संस्कारका आधारमा ब्राह्म विवाह, दैव विवाह, आर्ष विवाह, प्राजापत्य विवाह, आसूर विवाह, गान्धर्व विवाह, राक्षसी विवाह र पैशच विवाह रहेका छन् ।

नेपालका विभिन्न जनजाति मध्ये सतार एक जनजाति हो । भारतमा सन्ताल, सन्थाल र सौताल भनिने यो जातिलाई नेपालमा सतार  वा सन्थाल भनिन्छ । यो जातिको आफ्नै मौलिक संस्कृति,

परम्परा, भाषा र धर्म रहेको छ। आदिवासी जनजाती ऐन (२०५८) अनुसार सुचिकृत जाति भित्रको अती सिमान्तकृत समुहमा सतार जाति राखिएको छ (शर्मा, २०७२) । मुलत हिन्दु धर्म अवलम्वन गर्दै आएका सतार जाति नेपालमा आग्नेय भाषा परिवार अर्न्तगतको भाषा बोल्ने एक मात्र जाति हो (भट्टराई, २०७३) । २०६८ सालको जनगणना अनुसार संन्थालको जनसंख्या ५१७३५ रहेको छ। यो नेपालको कुल जनसंख्याको ०.१९५ प्रतिशत हुन्छ। सतारको कुल जनसंख्या मध्ये पुरुष २५५१८ र महिला २६२१७ रहेका छन्। सतार जातिको बढि जनसंख्या बसोबास भएको जिल्लामा झापा र मोरङ्ग रहेका छन् । जसमा उनीहरुको जनसंख्या क्रमशः ३०६५१ र १९३३२  रहेको छ । झापा जिल्लाका विभिन्न क्षेत्रहरुमा सतार जातिको बसोवास रहेको पाइन्छ, जसमा धरमपुर, तोपगाछी, पाँचगाछी, दमक, शिवगञ्ज, घौलाडुब्बा, गरामनी, धाइजन, कोभरा, वैगुनधुरा, माहाभरा रहेका छन् । सतार जातिको राजनितीक, आर्थिक अवस्था अन्य समूदायको भन्दा सामान्य स्तरको रहेको छ। सतार कृषिजिवी जाति हो, काम गरेर पेट पाल्नुलाई आफ्नो धर्म सम्झन्छ। मागीखान लाज मान्ने यो जाति सबै प्राणीमा समान व्यवहार गर्नु पर्ने दृष्टिकोण राख्दछ।

विवाहको स्वरुपमा आएको परिवर्तनले समाज, संस्कृति, राजनीति लगायत अन्य सामाजिक सम्बन्धमा परिवर्तन ल्याउँछ। जस्तै कम उमेरमा विवाह गर्दा वावुआमाले निर्णय गर्दछन् भने बढी उमेरमा विवाह गर्न थाले पछि केटा-केटीको निर्णय महत्वपूर्ण हुन्छ। मागी विवाहको ठाउँमा प्रेम विवाहको प्रचलन बढ्न थालेको छ । यसरी विवाह पद्धतिमा परिवर्तन भइरहेको छ । परिवर्तन आउनाका कारणहरुमा भौतिक प्रविधिमा आएको विकास, सामाजिक, आर्थिक, सांस्कृतिक, आधुनिकीकरण आदि जस्ता कारणहरु हुन् ।

## १.३ समस्याको कथन

नेपाल राज्यमा आदिकाल देखिनै विभिन्न जात/जातिहरुको बसोबास रहि आएको कुरा विभिन्न ऐतिहासिक  प्रमाणहरुले देखाउँदछन् । विविध जात/जातिको एकताले यो देशको निर्माण तथा विकास भएको इतिहास छ । हरेक जात/जातिका आ-आफ्नै किसिमका संस्कार, धर्म र परम्परा

रहेका छन्, तिनै जाति संस्कार, परम्परा र धर्म अनुसार समूदायमा विवाह गर्ने तरिका पनि फरक-फरक रहेको पाइन्छ ।

विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरुले सतारहरुको सामाजिक, सांस्कृतिक, आर्थिक, पक्षलाई मात्र जोड दिएर अध्ययन गरेका छन् (पन्त २०४१) । तर यिनीहरुको विवाहलाई सुक्ष्म ढंगले हेर्ने प्रयास गरिएको देखिँदैन । सतारहरुले विवाह के- कसरी गर्दा रहेछन्, सतारहरुको विवाह पद्धतिको अध्ययन गर्दा उनीहरुले पहिला गर्ने विवाह र अहिले गर्ने विवाहमा के-कस्तो परिवर्तनहरु आएको रहेछ तिनको अध्ययन गर्न समाजशास्त्रिय दृष्टिकोणबाट महत्वपूर्ण हुन्छ । के-के कुरामा परिवर्तन आयो र परिवर्तन आउनाका कारक तत्वहरु के-के हुन्, तिनको बिस्तृत रुपमा अध्ययन गर्न नितान्त आवश्यक छ ।

समाजशास्त्रीहरु समाजमा सामाजिक संस्थाहरु स्थिर नभई निरन्तर परिवर्तन भैरहन्छन् भन्दछन् ( रिट्जर १९९२) । परिवर्तन आउनाका मुख्य कारणहरुमा भौतिक प्रविधिमा आएको विकास, सामाजिकीकरण, सांस्कृतिककरण, आधुनिकीकरण, आर्थिक परिवर्तन आदि जस्ता कारणले विवाहमा परिवर्तन आएको छ । पहिला सतारहरु एउटै समुह नजिक नजिकै रहन्थे र यिनीहरु गाढा गोरु, पाल्की, हिँडेर विवाहमा जान्थे भने अहिले सतारहरुको वस्ती टाढा टाढा हुने भएकोले गाडीहरुको प्रयोग गर्न थालेका छन् । जसले उनीहरुको समाजिक सम्वन्धमा परिवर्तन ल्याउन थालेको छ । सामाजिक कारणले नेपाली विवाहको प्रचलनमा सतारहरुले विवाह गर्न थालेका छन् । सतारहरुको विवाह गर्न पहिला १०/१२ दिन लाग्ने गर्दथ्यो भने अहिले १/२ दिनमा नै विवाहको कार्य गरि सक्दछन् । आर्थिक कारणमा पहिला सतार समूदायमा थोरै पैसामा विवाह सकिन्थ्यो, दाइजो दिने प्रचलन थिएन भने अहिले सतारहरुको विवाहमा धेरै खर्च हुने र दाइजो दिने प्रचलन बढ्न थालेको छ । यसको पछाडी के कारण छ त्यसलाई विश्लेषण गर्न आवश्यक छ ।

यिनै समस्यालाई आधार वनाउँदै, यस अध्ययनमा निम्न प्रश्नहरुको उत्तर पत्ता लगाउने प्रयास गरिएको छ ।

- सतार जातिमा के कस्ता विवाह पद्धतिहरु प्रचलित थिए र अझै पनि छन् ?
- सतार जातिमा के-कस्तो सामाजिक-सांस्कृतिक र राजनैतिक संस्थाहरु विद्यमान छन् ? तिनको विवाहसँग कस्तो सम्बन्ध रहन्छ ?
- सतार जातिमा अन्तरजातिय विवाहलाई कसरी लिइन्छ ?
- सतार जातिको विवाह पद्धतिमा के-के परिवर्तन आएका छन् ?

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य सतार जातिको सामाजिक तथा सांस्कृतिक पक्षहरुको बारेमा बुझ्नु रहेको छ । यसको विशिष्ट उद्देश्य निम्न वमोजिम छ :

- सतार जातिको परम्परागत विवाह र त्यसमा आएको परिवर्तनका बारेमा अध्ययन गर्ने ।
- सतार जातिको विवाहको संस्था र यसको राजनैतिक, सामाजिक तथा सांस्कृतिक संस्थाहरु सँगको प्रकार्यात्मक सम्वन्धको अध्ययन गर्ने ।

## १.५ अध्ययनको महत्व एवं सान्दर्भिकता

सतार समूदायको विवाह पद्धति बारेमा बिस्तृत जानकारी लिनको लागि यसको अध्ययन हुन आवश्यक छ। परम्परागत विवाह र आधुनिक विवाहमा के कस्तो फरक आएको छ, त्यसको अध्ययन यसमा विस्तृत रुपमा गरिएको छ अर्थात् परम्परागत विवाह कसरी गर्दथे, अहिलेको विवाह कसरी गर्दा रहेछन्, परिवर्तन आउनाका कारक तत्वहरु के के हुन, त्यसको जानकारी यस अध्ययनले दिनेछ । जुन भोलीका दिनमा विवाहका वारेमा बुझ्न खोज्ने सबैकालागि एउटा उपयूक्त श्रोत हुन सक्दछ।

यसैगरी यस अध्ययनमा सतार जातिको विवाहको अन्य सामाजिक, राजनैतिक, र सांस्कृतिक संस्थाहरुसंग कस्तो सम्वन्ध छ भन्ने कुरा प्रकार्यवादी दृष्टिकोणवाट हेर्ने प्रयास गरिएको छ । तसर्थ, यस अध्ययनले अन्य अनुसन्धानकर्ताहरुलाई सतार झैं अन्य जातिमा पनि सामाजिक संस्थाहरु कसरी एक अर्कामा सम्वन्धित हुँदा रहेछन् र समाजलाई निरन्तरता दिएको हुँदा रहेछन् भन्ने कुरा बुझ्न खोज्नेहरुको लागि यो एक महत्वपूर्ण श्रोत हुन सक्दछ ।

## १.६ अध्ययनको संगठन

प्रस्तुत शोधपत्रलाई जम्मा छ अध्यायमा विभाजन गरिएको छ । जस अन्तर्रगत अध्याय एकमा शोधपत्रको विषयवस्तुको सान्र्दभिकलाई पृष्ठ दिने खालको,परिचय दिने किसिमले परिचयात्मक पृष्ठभूमिबाट सुरुवात गरिएको छ। यसका साथै विवाहको प्रकार, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व एवं सान्दर्भिकता आदिको वारेमा उल्लेख गरिएको छ। अध्यायमा दुई पूर्व साहित्य पुनरावलोकन  गर्ने क्रममा विवाह, नेपालमा जातजाति सम्वन्धि अध्ययन र सतार जातिको विवाह सम्बन्धी पाइएका लेख, रचना, पुस्तक, पत्रपत्रिका साथै सम्वन्धित विषयमा समाजशास्त्रीय/ मानवशास्त्रीय लगायत अन्य व्यक्तिहरुले गर्नुभएका अध्ययनलाई उल्लेख गरिएको छ। यसका साथै प्रकार्यात्मक सिद्धान्तको विश्लेषणात्मक ढाँचा पनि उल्लेख गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान विधि अर्न्तगत अध्ययनका लागि बिर्तामोड नगरपालिका वडा न. ७ मा बसोबास गर्ने सतार जातिका व्यक्ति तथा परिवारलाई गणना विधिका आधारमा छनौट गरिएको छ । यसमा साथै यस अर्न्तगत अध्ययनको क्षेत्रको अनुसन्धान ढाँचा, समग्रता र नमूना छनौट, तथ्यांकको स्रोत र  प्रकृती, तथ्यांक संकलन विधि अर्न्तगत घरधुरी सर्वेक्षण, अन्तरवार्ता, अवलोकन, तथ्यांक विश्लेषण प्रकृया र अध्ययनको सीमाका वारेमा गरिएको छ ।

अध्याय चारमा भौगोलिक तथा सामाजिक परिचय अर्न्तगत अध्ययन क्षेत्रको परिचय लगायत यस क्षेत्रमा रहेका सतार जातिको उमेरका अनुसार लिङ्गगत संरचना, परिवारको संरचना, आदिका वारेमा उल्लेख गरिएको छ। अध्याय पाँचमा सतार जातिमा रहेको विवाह सम्बन्धि सामाजिक मूल्य मान्यता, सतार जातिमा हाल रहेका विवाह प्रचलनहरु, सतार समूदायमा विवाह प्रथा र तिनमा आएको परिवर्तन, अन्तरजातिय विवाह अदिका साथै सतार समूदायमा अन्य पक्षमा आएको परिवर्तनका बारेमा व्याख्या विश्लेषण गरिएको छ ।

अध्याय छ मा यस शोधपत्रको लागि जति पनि अध्ययन अनुसन्धान गरिएको छ त्यसको सारांश र निष्कर्षका वारेमा उल्लेख गरिएको छ ।

# अध्याय दुई : साहित्य पुनरावलोकन

## २.१ प्रकार्यात्मक सिद्धान्त : एक विश्लेषणात्मक ढाँचा

समाजशास्त्र तथा मानवशास्त्रमा देखा परेका विभिन्न दृष्टिकोणहरुमध्ये संरचनात्मक प्रकार्यवाद एक हो । यस सिद्धान्तको शुरुवात १९३०/४० को दशकदेखि प्रचलनमा आएको हो । यो उद्‌विकासवाद र प्रसारवादको आलोचना गर्दै सामाजिक र सांस्कृतिक विकासको वैकल्पिक दृष्टिकोण खोज्दै जाँदा उदय हुन पुगेको देखिन्छ । यसले सामाजिक तथा सांस्कृतिक प्रणालीका विभिन्न इकाइहरु र इकाइहरुबाट तयार भएको संरचनालाई जोड दिन्छ । यस दृष्टिकोण अनुसार सांस्कृतिक तथा सामाजिक विकास विभिन्न इकाइहरुको प्रकार्यबाट हुने गर्दछ । यस्ता इकाइहरुसंग मानिसहरुको प्रत्यक्ष सम्वन्ध हुने गर्दछ । इकाइहरुले सामाजिक तथा सांस्कृतिक प्रणालीलाई निरन्तरता दिने क्रममा प्रकार्य गर्दछन् । यहि प्रकार्यबाट समाज तथा मानिसले आफ्ना आवश्यकता पूरा गर्दछन् भन्ने कुरालाई यस दृष्टिकोणले अगाडी सार्दछ (रिट्जर १९९२) । सामाजिक तथा सांस्कृतिक इकाइहरुले प्रणाली (संस्कृति र समाज) को अस्तित्व निरन्तरताका लागि प्रकार्य गर्दछन् । यस्ता इकाई र इकाईहरुबाट तयार भएका संरचना दुवैको एक अर्काविना अस्तित्व रहन्न भन्ने कुरालाई पनि यस दृष्टिकोणले प्रकाश पार्दछ । यस सिद्धान्तको व्याख्या गर्ने मुख्य प्रवर्तकहरुमा दुर्खिम, ब्राउन, मेलिनोस्की, मर्टन, पार्सन आदि रहेका छन् ।

दुर्खिम (१९८२) का अनुसार सामाजिक व्यवस्था पुरा गर्न विभिन्न अङ्गहरुका वा इकाईहरुका बीचमा प्रकार्य हुनु पर्दछ । समाजलाई प्रकायांत्मक ढङ्गबाट एकतामा राख्न धर्म तथा श्रम विभाजनले महत्वपूर्ण भूमीका खेलेको हुन्छ । वास्तवमा धर्म सामाजिक एकता कायम गर्ने महत्वपूर्ण माध्यम हो । यसले मानिसको भावनालाई एकित्रित गर्ने कुरालाई दुर्खिम जोड दिन्छन् । दुर्खिमका अनुसार आवश्यकताको प्रयोग सामाजिक सन्दर्भमा गर्नुपर्दछ । उनका अनुसार प्रकार्यले इकाइहरुको संरचनामाथि रेहेको प्रभावलाई प्रतिनिधित्व गर्छ । दुर्खिमले प्रकार्यलाई वस्तुनिष्ठ ढङ्गबाट व्याख्या गरेका छन् ।

मेलिनोस्की (१९६१) ले संस्कृतिलाई मानिसका जैविक चाहना पूरा गर्ने उद्देश्यले जन्मेका हुन्छन् भन्ने कुरालाई प्रकाश पारेका छन् । समाज तथा संसकृतिका जे जति संघ स्रस्थाहरु छन् ती सबैले मानिसका व्यक्तिगत आवश्यकता पूरा गर्दछन । विवाह, परिवार आर्थिक; राजनितिक संस्था मानिसका आवश्यकता पूरा गर्ने क्रममा जन्मेका हुन् । यस्ता इकाइले आफ्नो अस्तित्वलाई निरन्तरता दिन प्रकार्य गर्दछन् । यसै क्रममा नै मानिसले आफ्ना जैविक आवश्यकता पूरा गर्दछन् । वास्तवमा मानिसका विभिन्न आवश्यकता पूरा गर्न सांस्कृतिक प्रणालीमा विभिन्न इकाइहरु सिर्जना भएका हुन्छन् । फरक-फरक आवश्यकता पूरा गर्न जन्मेका फरक-फरक इकाइहरुको बीचमा अन्तर निर्भर भई प्रकार्यात्मक एकता कायम हुने कुरालाई मेलिनोस्की जोड दिन्छन् । उनका अनुसार मानिसका मनोवैज्ञानिक आवश्यकता पूर्ति गर्ने जिम्मेवारी सामाजिक तथा सांस्कृतिक मूल्य, मान्यता र संस्कारहरुको हुन्छ ।

ब्राउन (१९५२) का अनुसार एउटा प्रणालीको संरचनामा विभिन्न आन्तरिक तथा वाह्य इकाई एवं पक्ष हुन्छन् । यी एकाइका विचमा पारस्परिकता कायम भई यी सबै समाजको संरचना तयार गर्न एकीकृत दिशामा लम्कन्छन् । यदि इकाइहरुका बीचमा सम्बन्ध नरहने हो भने सिंगो संरचना जीवन्त रहन सक्दैन । त्यसैले विभिन्न इकाइहरुको संरचनाबिना प्रकार्य नहुने र प्रकार्यबिना संरचना पनी नहुने कुरालाई स्पष्ट पारेका छन् । संरचना र इकाइबिचमा सह अस्तित्व कायम रहन्छ । एक एकाइको परिवर्तनले सिंगो संरचनालाई असर गर्दछ भन्ने कुरा ब्राउनको संरचनात्मक प्रकार्यवादबाट स्पष्ट हुन्छ । उनले अन्डामेन आइल्याण्डको अध्ययन गरी परम्परा, रीतिरिवाज, जन्म, चलन, संस्था एक अर्का बीचमा रहने अन्तर सम्बन्धलाई प्रष्ट्याएका छन् । विभिन्न इकाइहरुको प्रकार्यविना संरचना हुन नसक्ने र संरचना बिना पनि इकाइहरुको अस्तित्व नरहने कुरालाई उनले अगाडी सारेका छन् ।

मार्टन (१९४९) ले हरेक समाजमा विभिन्न समयमा समाजको एकताको मात्रा फरक-फरक हुन सक्छ । कुनै समाजका परम्परा, मुल्य, मान्यता, प्रथा आदिले सकारात्मक भूमीका निर्वाह गर्दछन् भने अर्को समाजमा तिनै मूल्य मान्यता, प्रथाहरुले नकारात्मक भूमीका निर्वाह गर्न पुग्दछन् । यसरी

समाजको प्रकार्यात्मक एकता भन्ने मान्यता आदिम समाजमा पाउन सकिएला किनभने आदिम समाजमा आन्तरिक एकता हुन्छ भन्ने विचार मर्टनले राखेको भए तापनि कुनै समाजमा समाजको संरचनाहरु पूर्ण रुपले एकतावद्ध हुन्छन् भन्न मुस्किल छ तर एकताको मात्रा भने अत्यधिक हुन सक्छ भन्न सकिन्छ । समाज एवं संस्कृतिका प्रत्येक तत्वहरुले गर्ने क्रियाशिलता वा प्रकार्यले नै मानवको तथा समाजको आवश्यकता पूर्ति हुन्छ भन्ने रहेको छ । यिनै सैद्धान्तिक अवधारणाहरु मध्ये ब्राउनको संरचनात्मक प्रकार्यवादी सिद्धान्तलाई आधार मानेर सतार जातिको विवाहको प्रक्रिया र त्यसको अन्य सामाजिक सांस्कृतिक तथा राजनैतिक संस्थाहरु वीचको अन्तर सम्बन्धलाई केलाउने प्रयास गरिएको छ ।

## २.२ नेपालमा जातजाति सम्वन्धि अध्ययन

विभिन्न समयमा विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरुले विभिन्न जातजातिको अध्ययन गरी उनीहरुको बारेमा विस्तृत जानकारी प्रकाशमा ल्याएका छन् । जसमा नेपाली (१९५७ - ५८) ले 'नेवार' जातिको अध्ययन गरेका छन् । उनले नेवार जाति भित्रको सामाजिक संरचनालाई ब्राउन र मर्टनको संरचनागत प्रकार्यवादी सिद्धान्तलाई आधार वनाएर व्याख्या गरेका छन् ।

त्यस्तै शर्मा (१९७७) ले कसरी एउटा जाति र अर्को जातिको विचमा सम्पर्क हुँदा सांस्कृतिक रुपमा तल रहेको जातिले माथिल्लो जातिको संस्कृतिलाई अवलम्वन गर्दछ भन्ने कुरालाई प्रष्ट्याएका छन् । विष्ट (२०३०) ले "सबै जातको फूलबारी" नामक पुस्तक लेखी नेपालमा रहेका विभिन्न जात-जाति जस्तै - सतार, नेवार, बाहुन, क्षेत्री, किराती-राई, किराती-लिम्बु, तामाङ, सुनुवार, जिरेल, मगर, खस, गुरुङ, चेपाङ आदिको जनजातिय अध्ययन (ethnographic study) गरेका छन् । यो कितावमा मानवशास्त्री विष्टले प्रकार्यवादी सैद्धान्तिक दृष्टिकोणबाट नलेखेतापनि जात-जाति भित्रको सामाजिक तथा सांस्कृतिक संस्थाहरुवीचको अन्तर सम्बन्धलाई देखाउन खोजेका छन् । यसैगरी रेग्मी (२०३५) ले धिमालको परिचय, उनीहरुको सिंगो सामूदायिक प्रणालीलाई अगाडी बढाउन धर्म, अर्थ, राजनिती, जाति, पर्व, आदि इकाइले खेलेको भूमीकाको बारेमा प्रष्ट्याएका छन् ।

विभिन्न समयमा विभिन्न विदेशी विद्वानहरुले नेपालका विभिन्न जात-जातिको समाजशास्त्रीय एवम् मानवशास्त्रीय अध्ययन अनुसन्धान गरेका छन् । जसमा अर्टनर (१९७८) ले उत्तरी भेगमा वसोवास गर्ने शेर्पा जातिहरुको संस्कार एवं सांस्कृतिक मूल्य मान्यतालाई आधार मानेर त्यस जातिको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, नैतिक एवं दैविक पक्षलाई झल्काएका छन् । यसमा शेर्पाहरुको संस्कृतिको न्यूग्ने संस्कारलाई विवाहसंग जोडेर व्याख्या गरिएको छ । संस्कारलाई "सांकेतिक" "व्याख्यात्मक" उपागमवाट हेरियता पनि धर्म र विवाह वीचको सम्वन्धलाई सुक्ष्म रुपमा केलाएको देखिन्छ । उनका अनुसार शेर्पा समुदाय वौद्ध धर्मावलम्वी भएको हुँदा लामा र आनीलाई सवै भन्दा माथिल्लो तहमा राखेका छन् । विवाह गर्नु भनेको शेर्पा समुदायमा भौतिक संसारमा अल्मलिनु हो । तर न्यूग्ने संस्कारमा विवाहित शेर्पा समुदायको मानिसहरुले चार दिनसम्म उपवास वस्छन् । उपवास वस्नु भनेको 'लामा' र 'आनी' वन्नु झैं हो । विवाहलाई एउटा घरधुरी (household) निर्माणको प्रक्रियाको रुपमा व्याख्या गरेका छन् । उनका अनुसार तामाङ्ग जातिमा विवाह भएपछि छोरा घरबाट छुट्टिएर नयाँ घरको निर्माण गर्छ । यसले एउटा नयाँ घरधुरी (household) निर्माण हुन्छ । त्यस्तै अर्की महिला मावशास्त्री बेनिट (१९७९) ले समाजमा विवाहले महीलाको स्तरलाई प्रभाव पार्ने कुरा गरेकी  छन् । विवाहलाई एउटा सामाजिक प्रक्रियाको रुपमा व्याख्या गरेकि छन् । विवाहले एउटा महिलाको पदलाई परिवर्तन गरिदिन्छ । विवाह गर्नु अघि उ घरकी छोरी भएर रहेकि हुन्छे भने विवाहपछि उसको पद वुहारि हुन्छ । उसले गर्ने काम देखि उसले गर्ने व्यवहार समेत परिवर्तन हुन्छ ।

डेल्टन (१७६८) का अनुसार एउटा जङ्गली हाँस समुन्द्र पारिबाट आई आहिरिपिप्रिमा दुइवटा अण्डा पार्‍यो । त्यो अण्डाबाट एउटा पुरुष र महिलाको जन्म भयो जो सतारका पुर्वज थिए र हारा डुटी भन्ने ठाउँमा स्थानान्तरण भए । यहाँ उनीहरुको जनसंख्या निकै वृद्धि भयो र यिनीहरु खराव कहलाइए । यिनीहरु मध्ये केहि कालान्तरमा स्थानतरण हुँदै र कुनाकाप्चा जङ्गल खोज्दै बस्दै जाने क्रममा शिखरतर्फ लागे भने अर्को समूह मनडुम भन्ने जिल्लाको पूर्वी भागमा बसोबास गर्न थाले

। बढ्दो जनसंख्याले जङ्गल विनाश गराउँदा उनीहरु पुन : पश्चिम तर्फ जाने क्रममा हालको हजारीवाग (झारखण्ड राज्य) जिल्लाको गोला प्रगन्ना क्षेत्रको सोनावाडी र गटियारीमा बसोबास गर्न थालेको पाइन्छ ।

पन्तका (२०४१) । अनुसार यो पृथ्वीको सृष्टिभन्दा अगाडी सम्पूर्ण जगत पानी नै पानी थियो । ठाकुरजी (सतारका देवता) ले मालिन बुढी (दुत) लाई मानिसका दुईवटा मुर्ति बनाउन लगाए र ती मूर्तिलाई घाममा सुकाएका बखत सिहंसाडोमले एउटा मूर्ति फुटाएर पुनः अर्को बनाउनु परेको थियो । त्यस पश्चात ठाकुरजीले निश्चित स्थानबाट मानिसका आत्मा ल्याउन अहराए तर ती नभेटिएपछि मालिन बुढिले चराको आत्मा राखी ती मूर्तिलाई सजीव  बनाइन् । भालेलाई हन्स र पोथीलाई हसिन नाम राखी आकाशमा उडाइदिइन् । ठाकुरजीका आज्ञा मूताविक एउटा टापुको रचना भयो जहाँ हंन्स र हसिनले पारेका दुईवटा अण्डाबाट पिखुनाडाम र पिखुबुढी क्रमशः पुरुष र महिला जन्मिए । उनीहरु दाजु बहिनी संगै बस्दै जाँदा रक्सीका नसामा आफूहरु दाजु-बहिनी भएको विर्सी यौन सम्बन्ध कायम गर्दा ७ छोरा र ७ छोरी जन्मन पुगे । पछि पारिवारिक कलहका कारण ७ छोरा वावुसंग सोइपुरमा बस्न लागेछन् भने आमा र ७ छोरी पुजपुरतिर गएछन् । तर काम विशेषले जङ्गल जाँदा भने भेटघाटमा संगै नाच्ने गाउने क्रममा आफ्नो नाता भित्रै शारीरिक सम्बन्ध रहन जाँदा प्रत्येकबाट एक एक सन्तान जन्मिए र तीनै ७ सन्तानका पुर्खा भनेर चिनिन्छन् ।

शर्माले (२०५८) ऐतिहासिक र मौखिक दृष्टिकोणबाट सतार जातिको उत्पत्तिका बारेमा व्याख्या गरेका छन् । उनका अनुसार - निग्रो जातिको एक शाखा नेग्रिटोले पुरापाषण काल यूगमा भारतीय उपमहाद्विपीय क्षेत्रमा सर्वप्रथम पाइला टेकेको र यो जातिलाई धेरै पछि आएको आग्नेय जातिले विस्थापीत गरेको प्रमाण भेटिन्छ । आग्नेय जाति भारतमा सतार, मुण्डा र सवर नामले चिनिन्छन् । त्यसकारण सतारका पुर्खा निग्रो नभई आग्नेय जाति भएको प्रमाणित हुन आउँछ । भाषा परिवारको दृष्टिले पनि सतार आग्नेय एसियाली परिवारमा परेका छन् । “आज यो जाति संसारको दक्षिणपूर्ण अर्थात् आग्नेय कोठामा पाइने हुँदा यसको नाम यस्तो राखिएको हो”।

विष्ट (२०३०) ठाउँको आधारबाट सतार जातिको उत्पत्तिबारेमा व्याख्या गरेका छन् । सतारका पुर्खा पश्चिम वङ्गालको मदिनापुर क्षेत्र अन्तरगत सौन्ट गाउँमा वसोवास गर्थे । त्यसैले यिनीहरुलाई सतार भनियो ।  शर्मा (२०५८) ले सतार जातिको नेपाल आगमनको बारेमा उल्लेख गरेका छन् । उनका अनुसार सतार जाति भारतको पश्चिम वंगालबाट नेपाल प्रवेश गरेका हुन् । सतार को केन्द्रबिन्दु सन्थाल परागन्ना जिल्ला मानिन्छ । यस पूस्तकमा सतार जातिका उत्पत्तिका सम्बन्धमा लोककथाहरुका साथै उनीहरुले मान्ने गरेका देवी देवताको बारेमा उल्लेख गरेका छन् ।

अन्ना बुक लेण्ड (२०५०) 'सन्थाल जातिको एक चिनारी' मा सतार जातिको आर्थिक पक्षको मूख्य रुपमा अध्ययन गरेकी छन् । यो अध्ययन सतार जातिको सम्बन्धमा विदेशि व्यक्तिले गरेको पहिलो अध्ययन हो । यो अध्ययन हल्दीवारी (झापा) का सतार हरुको स्थलगत अध्ययनमा आधारित छ । यो अध्ययन सतार जाति आर्थिक रुपले पछि पर्नुका कारण तथा उनीहरु कसरी भुमिविहिन भए भन्ने कुराको अध्ययन गरेका छन् । शिक्षाबाट पछीपरेका सतार जातिलाई शिक्षित वा टाठा बाठा पहाडे समूदायले फकाएर, जालझेल गरेर उनीहरुको नाममा भएको जग्गालाई आफ्नो नाममा पारी उनीहरुलाई भूमिहीन बनाएका उदाहरणहरु प्रस्तुत गरिएको छ । एक जना सतार महिलाले नागरीकता बनाउनको लागि आफ्नो नाममा रहेको एक विगाहा जमिन बेचेको जस्ता उदाहरण प्रस्तुत गरिएको छ ।

## २.३ थरको उत्पत्ति

पन्तका (२०४१) अनुसार हाँसका अण्डाबाट दुइवटा मानिस (लोग्ने र स्वास्नी) जन्मिए । उनले ती मानिसको नाम "पिन्चु बुढी" र "पिन्चु हडाम" राखे । यी दुई विस्तारै-विस्तारै तरुनी-तरुना भएर आए । पिन्चु बुढीको पेट बढ्दै आयो । यो के भयो भनी दुवैले आश्चर्य माने । आखिर केहि पत्तो लागेन । पेट झन् झन् ठूलो हुँदै गयो । पानी बाहेक केही छैन के खान्थिन पिन्चु बुढीले । ९ महिना वित्यो पिन्चु बुढीले फटाफट बच्चा पाउन थालिन् । एउटा होइन-दुइटा होइन एकै पल्टमा लगातार २० बच्चा पाइन् । यी मध्ये १० छोरा र १० छोरी थिए । यिनीहरु पछि संगसंगै रहने क्रममा रक्सीको नसामा आफ्नै भाइ-बहीनि बिचमा शारीरिक सम्बन्ध रहन गएछ । आफ्ना छोरा-छोरीको

यस्तो अभद्रता देखेर वावु आमाले आफ्ना छोरा-छोरीलाई बेग्ला बेग्लै बस्ने आदेश दिएछन् । त्यसकारण १० भाइले आफूसँग शारीरिक सम्बन्ध रहेका बहिनी लिएर अलग-अलग बस्न थालेछन् । यसरी १० जोडी वेग्ला वेग्लै गाउँमा रहेर जीविका गर्न थालेछन् । यता वावु- आमा भने छोरा छोरी देखि अलग्गै बस्न नसक्ने अवस्थामा पुगेछन । एक दिन पिन्चु हडाम छोरा छोरीको हाल खवर वुभ्न प्रत्येक घर गएछन् । उनले आफ्ना छोरा जे जस्तो अवस्थामा पाए त्यही अनुसार उनीहरुको नाम राखेछन् र यिनै नाम पछि थर रहन गयो । जेठो छोरा बसेको घर अगाडी 'किस्कु' चुडे डारी (फुलको बोट) थियो । त्यसको नाम 'किस्कु' राखियो । यसले राजकाजको काम हेर्ने भयो । त्यस पछि उनीहरु माहिला छोराकहाँ गए । उसले घर अगाडी आगनमा घोडा बाधेको थियो । यसको नाम 'सारेन' राखियो । उसले सिपाहीको काम हेर्ने भयो । त्यस पछि साहिलो कहाँ गए । उसकहाँ अन्न प्रशस्त थियो र उसको नाम 'मार्दी' राखियो । उसले खेतीको काम गर्ने भयो । काहिलो कहाँ जाँदा उसले पुजा गरेको थियो । उसको नाम 'मुर्मु' राखियो । राहिलो माटो खनेको खाडलमा जमेको पानीमा माछा मारिरहेको थियो । उसको नाम 'हाँस्दा' राखियो । ठाहिलो चाहिले तुम्दा (मादल) बनाइरहेको थियो । उसको नाम 'टुडु' राखियो अन्तरे मस्तसँग गीत गाएर बसि रहेको थियो । उसको नाम 'बेसरा' राखियो । जन्तरेकहाँ सुपारी (गुए) भएकाले उसको नाम (गुवा) हेमरम  राखियो । खन्तरे पन्ताभात (वासीभात) खाई रहेको थियो । उसको नाम थर बाँस्की राखियो । कान्छो भाई मूर्ख र बलियो थियो । उसको नाम 'चोडे' राखियो ।

### २.४ सतार जातिको नेपालमा आगमन

सतारहरु भारतको वेस्ट वंगाल, उडिसा, भागलपुर, सन्थाल प्रगन्नाबाट नेपाल आएका हुन् (गौतम, २०६७) । तर उनले कहिले नेपाल प्रवेश गरे भन्ने वारेमा तिथीमिति बताएका छैनन् । १८०३ ई. को खोजिमा नेपालको पूर्व तराईका राजवंशी, मेचे, धिमाल जातिको वारेमा उल्लेख गरेता पनि सतार जाति बारे उल्लेख गरेको पाइदैन  (दाहाल, २०५०, मेचिदेखी महाकाली, २०३१) । यसले के स्पष्ट पार्दछ भने सतारहरुको आगमन नेपालमा १८०३ भन्दा पछि मात्र भएको हो। हालको विहार राज्यको विभिन्न जिल्लाबाट सतारहरु ६/७ दशक अघि नेपाल पसेका हुन् ।  सन् १८२६ को अनिकाले भारतको वंगाल र विहारको कृषिमा ठूलो परिवर्तन ल्यायो । यस वर्षको भयानक अनिकाले

गर्दा यस क्षेत्रका एक तिहाई मानिसहरु मरे, बाँचेकाहरु आफ्नो ठाउँ छोडेर राम्रो ठाउँको खोजिमा हिंडे, केहि जाति नेपाल पसे, तिनलाई नेपाल सरकारले तराइमा स्थायी रुपमा वसोवास गर्न प्रोत्साहन दियो (कट्टेल, २०४२) । १८५० ई. देखि झापामा विर्तावालहरुले जंगल फडानी गरी विभिन्न जनजातिलाई ल्याई वसोवास गराउन थालेको देखिन्छ जसमा सतार पनि थिए। सतारहरुको आगमन २००७ सालपछि पनि भएको देखिन्छ (दाहाल, २०५०) ।

## २.५ सतार जातिको विवाह सम्बन्धी समाजशास्त्रीय अध्ययन

नेपालका विभिन्न जात जातिहरुको विवाह गर्ने आफ्नै सामाजिक-सांस्कृतिक मुल्य मान्यता र परम्परा रहेको देखिन्छ। सामान्यतया को संग विवाह गर्नु हुने वा नहुने भन्ने कुरा हरेक सांस्कृतिक समुहको आ-आफ्नै सांस्कृतिक नियम कानुन रहेको पाईन्छ (शर्मा २०५८) ।

सतारहरुको वैवाहिक सम्बन्ध आफ्नै समूह भित्र तर थर नमिल्ने र नाता नपर्नेसँग कायम गर्ने गर्दछन् । उदाहरणका लागि किस्कु थरका केटा किस्कु थरकी केटीको विवाह हुँदैन । त्यस्तै प्रकारले सतारका १२ वटा थरमा चोडे, पोडिया, बेसरा थर सबै भन्दा तल्लो दर्जाका थर भएकाले उक्त थरसँग अन्य थरले वैवाहिक सम्बन्ध कायम गर्दैनन् । सतार जातिको विवाह गर्दा आफ्नै प्रकारको नियम-कानुन रहेको छ । तर उनले किन विवाह हुँदैन त भन्ने कुरालाई देखाएका छैनन् तर पनि यसले के स्पष्ट पार्दछ भने यस जाति भित्र पनि जातिय उच्च निच्च वा छुवा-छुतको अवधारणा व्याप्त रहेको देखाउँछ । जसको प्रभाव सामाजिक सम्बन्ध जस्तै विवाहमा पनि देख्न सकिन्छ । तर केही समाजशास्त्री तथा मानवशास्त्रीहरुले पनि यसै किसिमको तथ्याङ्क प्रस्तुत गरेका छन् (कट्टेल, २०४२) ।

सतार जातिमा विवाह गर्दा एउटै रगतको नातामा गर्दैनन् यसै गरी आमा तिरका नातेदार संग पनि गरिँदैन । यो जातिमा आफ्नै थर विशेष मिल्ने संग मात्र विवाह गर्ने चलन छ । सतार जातिमा मागी विवाहलाई वैधानिक र प्रचलित विवाहको रुपमा लिइन्छ। भने अन्य चोरी विवाह, प्रेम विवाह, जवरजस्ती विवाह, विधवा विवाह जस्ता सबै प्रकारका विवाहले स्वीकृति पाएको देखिन्छ (मेची देखि महाकाली २०३१, दाहाल २०५०) ।

# अध्याय तीन : अनुसन्धानको विधि

कुनै पनि अनुसन्धानमा वास्तविकता र सत्यताको अती आवश्यकता पर्दछ र त्यसको लागि अनुसन्धानलाई प्रभावकारी बनाउन अनुसन्धानका विभिन्न पद्धतिहरु अपनाइन्छ। यस अनुसन्धानमा अध्ययन क्षेत्रको छनौट, अनुसन्धान ढाँचा, समग्र अध्ययन, तथ्याङ्क संकलन विधि, तथ्याङ्क स्रोत र अध्ययनको सिमालाई समेटिएको छ।

## ३.१ अध्ययन क्षेत्रको छनौट

झापा जिल्ला नेपालमा बसोबास गर्ने सतार जातिको सबैभन्दा बढि जनसंख्या भएको जिल्ला हो। धरमपूर, तोपगाछी, पाँचगाछी, दमक, शिवगञ्ज, घैलाडुब्बा, गरामनी, धाइजन, कोहभरा, बैगुनधुरा, माहाभरा क्षेत्र सतार जातिको जनघनत्व भएको क्षेत्रमा पर्दछन्। सतारहरुका छुट्टै किसिमका रितीरिवाज, चालचालन, सामाजिक सांस्कृति मूल्य मान्यता रहेको पाइन्छ। ती पक्षमा दैनिक क्रियाकलाप चलाउने क्रममा विवाद रहेको पाइन्छ। ती उब्जिएका विवादलाई व्यवस्थापन गर्ने प्रकृया पत्ता लगाउन बिर्तामोड नगरपालिका वडा न. ७ का सतार जातिलाई अध्ययनको क्षेत्र बनाइएको हो।

(क) सतार जातिको बसोवास यस क्षेत्रमा परम्परागत रुपमा भएकोले गर्दा उनीहरुको बिवाहको बारेमा बुझ्न यो क्षेत्र बढी उपयुक्त देखियो।

(ख) झापा जिल्लाको विभिन्न क्षेत्रहरु मध्ये बिर्तामोड शहरीकरणको प्रक्रियामा धेरै अगाडी देखिन्छ। यो झापा जिल्लाको आर्थिक रुपले केन्द्र विन्दु बन्दै गएको कारण शहरीकरण, वजारीकरण, औद्यौगिकरण संगसंगै सतार जातिले पनि आफ्नो परम्परागत पेशा छोडी ज्याला-मजदुरी (रिक्सा तान्ने, घर बनाउने, चिया वगानमा काम गर्ने) आदि कार्यमा सहभागी हुन थालेका छन्। यसले उनीहरुको आर्थिक पक्ष मात्र होइन अन्य सामाजिक, सांस्कृतिक पक्षहरु जस्तै विशेषगरी विवाहमा

पनि परिवर्तन ल्याएको हुन सक्छ । त्यसले के कस्तो परिवर्तन ल्याएकोछ त्यसलाई बुझ्नका लागि पनि यो क्षेत्र उपयूक्त रहेको ।

(ग) यो क्षेत्रमा पहाडी मूलका मानिसहरु र तराई मूलका मानिसहरु जस्तै-सतार, धिमाल, राजवंशि, मेचे, थारु आदिको बिचमा घुलमिल भएर बसोबास गर्दछन । यस्तो घुलमिलले सतार जातिको विवाहमा कस्तो प्रभाव पार्‍यो त्यो बुझ्न पनि यो क्षेत्र उपयूक्त भएकाले छनौट गर्न उपयूक्त रहेको।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनको क्रममा गुणात्मक तथा संख्यात्मक दुबै खाले अनुसन्धान विधिको प्रयोग गरिएको छ । सामान्यत परिमाणात्मक तथ्यहरू संकलन गरी यस अध्ययनलाई बढी सुदृढ गरिएको छ । जसका लागि संख्यात्मक तथ्याङ्क विधिलाई बढी प्रयोग गरेतापनि गुणात्मक विधिलाई पनि त्यत्तिकै महत्व दिइएको छ । गुणत्मक विधिकोलागि समुह छलफल तथा अवलोकन विधि आदिको प्रयोग गरिएको छ भने संख्यात्मक विधिकोलगि विषेशगरि प्रश्नावली विधिको प्रयोग गरिएको छ। तथ्याङ्कको स्रोतको रुपमा विषेशगरि प्राथमिक स्रोतको प्रयोग गरिएको छ भने आवश्यकता अनुशार द्वितिय स्रोतको पनि प्रयोग गरिएको छ। यसरी संकलन गरिएका सुचना तथा तथ्याङ्कहरुलाई आवश्यकता अनुशार वणनात्मक, चित्रात्मक तथा तालिका बनाई प्रश्तुतिकरण गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृती

अध्ययनको उद्देश्यलाई पुरा गर्नको लागि गुणात्मक तथा संख्यात्मक दुवै प्रकृतिका तथ्याङ्कहरुलाई यस अनुसन्धानमा समावेश गरिएको छ। साथै यस अनुसन्धानमा प्राथमिक र द्वितीय दुबै प्रकृतिका स्रोतबाट तथ्याङ्क संकलन गरिएको छ। मुलत यस अध्ययनमा प्राथमिक स्रोत जसमा घरधुरी सर्वेक्षण, अन्तर्वाता, निरिक्षण, समुह छलफल, वैयक्तिक अध्ययन गरिएको छ भने द्वितिय श्रोतलाई पनि चाहिने अनुरुप प्रयोगमा ल्याइएको छ । द्वितिय श्रोतमा साविक गरामनी गा.वि.स. को प्रतिवेदन, विभिन्न पुस्तक, पत्रपत्रिका, केन्द्रिय तथ्याङ्क विभाग बाट प्रकाशित तथ्याङ्क तथा अप्रकाशित पुस्तक आदिको प्रयोग गरिएको छ ।

### ३.४ समग्रता र नमूना छनौट

नेपालमा सतार जातिको वसोवास झापा, मोरङ, सुनसरी जिल्लाहरुमा रहेको पाइन्छ (केन्द्रीय तथ्याङ्क विभाग - जनगणना २०६८)। अध्ययनका लागि झापा जिल्लालाई उद्देश्यमूलक रुपमा छनौट गरियो । तथ्याङ्क विभागको २०६८ को तथ्याङ्कले झापा जिल्लाको विभिन्न गाउँपालिका र नगरपालिकाहरुमा सतार जातिको वसोवास रहेको देखिन्छ । यी गाउँपालिका र नगरपालिकाहरु मध्ये बिर्तामोड नगरपालिका लाई उद्देश्यमूलक रुपमा छनौट गरियो । बिर्तामोड नगरपालिका वडा न.७ मा रहेका सम्पुर्ण ८८ वटै घरपरिवारलाई सुचिकरण गरियो जसमा जम्मा जनसंख्या ४९३ रहेको थियो । जसमध्ये ५० घरपरिवार व्यवस्थित नमूना छनौट (Systematic Sampling) विधिद्धारा छनौट गरी सर्वेक्षण गरियो जसमा जनसंख्या २७९ रहेको छ । बिर्तामोड नगरपालिका वडा न.७ मा रहेका जम्मा ८८ घरपरिवार मध्ये ५० घरपरिवारमा नमूना छनौट गरी अध्ययन गर्दा त्यसले समग्रतालाई प्रतिनिधित्व गर्दछ ।

### ३.५ तथ्याङ्क संकलन विधि

कुनै पनि अध्ययनलाई प्रभावकारी र विश्वसनिय बनाउन विभिन्न वैज्ञानिक विधिहरुको प्रयोग गर्नु पर्दछ । प्राथमिक सुचनाका स्रोतहरुमा अध्ययन अनुसन्धान निर्भर हुने हुँदा निम्न विधि प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

#### ३.५.१ घरधुरी सर्वेक्षण

घरधुरी सर्वेक्षण अध्ययन क्षेत्रमा परेका ५० घरपरिवारमा गरिएको छ । सतार जातिको पारिवारिक स्थिती, पेशा, लिङ्ग, शिक्षा आदि पत्ता लगाउन घरधुरी सर्वेक्षण गरिएको छ र तिनैको आधारमा सुचना संकलन गरि अनुसन्धानको उद्देश्य अनुरुप व्याख्या र विश्लेषण गरिएको छ । घरधुरी सर्वेक्षणका क्रममा आएका तथ्याङ्कलाई विस्तृत रुपमा विश्लेषण खण्डमा उल्लेख गरिएको छ ।

#### ३.५.२ अन्तरवार्ता

अनुसन्धान गरिएको बिर्तामोड नगरपालिका वडा न.७ मा सतार जातिको विवाह गर्ने विधि, प्रकृयाका बारेमा अनुसन्धानकर्ता, जानकारहरुसंग अन्तरवार्ता गरिएको छ । साथै घरधुरी सर्वेका क्रममा

घरमुली व्यक्तिसंग पनि अन्तरवार्ता लिइएको छ । अनुसन्धान क्षेत्रका मझिहड्‌म, सतार बुद्धिजिवी, सतार शिक्षक आदिलाई अन्तर्वाताको माध्यमबाट विवाह गर्ने तरिका त्यसमा आएको परिवर्तन, परिवर्तनले समाजमा पारेको प्रभाव बारेमा सोधिएको छ । अन्तर्वाताबाट आएको तथ्याङ्कलाई विश्लेषण खण्डमा प्रस्तुत गरिएको छ ।

### ३.५.३ अवलोकन

अध्ययन क्षेत्रमा छनौट भएको बिर्तामोड नगरपालिका वडा न. ७ मा एक महिना सहभागि पूर्ण निरीक्षण गरियो । घरधुरी सर्वेक्षण र अन्तर्वाताका माध्यमबाट आएका तथ्याङ्कहरुको सत्यतथ्यको लागि अवलोकन गरियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रकृया

कुनै पनि अध्ययन अनुसन्धानको तथ्याङ्क संङ्कलन गरिसकेपछि अध्ययन  अनुसन्धनको सफलताको लागि प्रभावकारी व्याख्या, विश्लेषण र प्रस्तुतीकरणको आवश्कता पर्दछ । त्यसकारण संकलित तथ्याङ्कको प्रकृति अनुसार वर्गीकरण गरि त्यसलाई विश्लेषण गरिएको छ । गुणात्मक प्रकृत्तिका सूचनालाई आवश्यक्ता अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक बनाउन त्यसलाई विस्तार र विश्लेषण गरिएको छ । वर्णनात्मक पक्षका साथै चित्रात्मक प्रस्तुतीकरणमा विशेष जोड दिइएको छ।

## ३.७ अध्ययनको सीमा

सतार जातिको विवाहको अध्ययनको लागि आवश्यक श्रोत, साधन र समयको सिमिततालाई ध्यानमा राखी विवाहको अध्ययन गर्दा निम्न सीमाहरु रहेका छन् -

क) यो झापा जिल्ला बिर्तामोड वडा न. ७ गरामनीका सतार जातिको विवाहको मात्र अध्ययन हो।
ख) यसमा सतार जातिको पहिले हुने विवाह र अहिले हुने विवाहमा के कस्तो परिवर्तन हुँदै आएको छ ,परिवर्तन आउनाका कारक तत्वहरु के के हुन् त्यो कुरालाई समेटिएको छ । सतारसंग जोडिएका अन्य पक्षलाई त्यति ध्यान दिइएको छैन ।

ग) मैले प्रयोग गरेका विधिहरुको आफ्नो सीमा भएको हुँदा सबै कुरालाई समेट्न नसकेको हुन सक्दछ ।

घ) यसलाई संरचनात्मक प्रकार्यवादी दृष्टिकोणले हेरेको छु, अन्य दृष्टिकोणहरुले हेर्दा सतारहलाई छुट्टै देखिन सक्छ ।

ङ) सतार जातिको विवाह र अन्य सामाजिक, सांस्कृतिक तथा राजनैतिक संस्था बिचको सम्वन्धलाई हेर्ने प्रयास गरीएको छ । त्यसैले अन्य पक्षहरुलाई यो अनुसन्धानले समेट्न सकेको छैन ।

## अध्याय चार : अध्ययनको क्षेत्र र सतार जातिको सामान्य परिचय

### ४.१ झापा जिल्लाको परिचय

झापा जिल्ला नेपालको प्रदेश न. १ अन्तर्गत सुदूरपूर्वी तराईको एक विकसित जिल्ला हो। क्षेत्रफलका हिसावले सड्चालिस औं र जनसंख्याको हिसावले चौथो स्थानमा पर्दछ । यो जिल्ला मानविय विकासको आधारमा सातौं स्थानमा रहेको छ। उत्तरमा २६° २०' देखि २६° ५०' अक्षांस सम्म र पूर्वमा ८७° ३९' देखि ८८° १२' देशान्तर सम्म फैलिएको छ। यो जिल्ला समुद्र सतहबाट ७० मीटर देखि ५०० मीटर सम्मको उचाईमा अवस्थित छ। उत्तरमा चुरे क्षेत्र र दक्षिणमा भारतको समथर क्षेत्रले घेरेको यस जिल्लामा हिउँदमा चिसो र गृष्ममा वढी गर्मी हुने गर्दछ। झापा को सवभन्दा होचो भाग कचनकवल, कचनकवल गाँउपालिका वडा नं. ४ मा पर्दछ। धान र चियाको लागि समेत यो जिल्ला नेपालकै अग्रस्थानमा रहेको छ। साथै वंगालबाट वहने मनसुनी वायुको कारणले यँहा धेरै वर्षा हुने गर्दछ। क्षेत्रफल १६०६ वर्ग किमी भएको यस जिल्लाको पूर्व-पश्चिम लम्वाई ४६ कि.मि. र उत्तर-दक्षिण सरदर चौडाई २९ किमी छ। साल, सिसौ, टिक, करम, सिमल, जामुन जस्ता वनस्पति पाइने सदावहार जंगल यँहा पाइन्छ। वढ्दो जनसंख्याको चाप र दाउराको अधिकतम प्रयोगको कारणले यँहाको जंगल क्षेत्र क्रमशः घट्दै गइरहेको छ।

नेपालको मेची अञ्चल भित्रका चार जिल्लाहरु मध्ये तराई क्षेत्रमा पर्ने एक मात्र जिल्ला झापा हो। मेची अञ्चलका चार जिल्लाहरु मध्ये नै सबै भन्दा बढी जनघनत्व भएको जिल्ला यहि हो (केन्द्रीय तथ्याङ्क विभाग – जनगणना २०६८)। सरकारबाट यसै क्षेत्रमा पुनर्वास सुविधा मिलाएको कारणबाट पनि यहाँ बढि जनसंख्या भएको हो । यस जिल्लामा विभिन्न सुविधाहरु जस्तै - समथल जमीन, अस्पताल, खाने पानी यातायात, विद्यालय बाटो-घाटो, बाली-नाली आदि जस्ता सुविधाले अन्य छिमेकी पहाडी जिल्लाहरुबाट बसांई सराई गरी आउने क्रम जारी रहेको कुरा अनुसन्धानको क्रममा पाइयो । यसरी बसांई सराई संगसंगै झापा जिल्लामा पहाडी मुलका जात जाति र नयाँ जातिको

आगमन संग-संगै स्थानीय जातिहरुको विशेषत सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षहरुमा पनि निरन्तर परिवर्तन हुँदै आएको देखिन्छ ।

यो जिल्लामा आठ वटा नगरपालिका र सात वटा गाँउपालिका रहेका छन । झापा जिल्लाको जम्मा जनसंख्या २०६८ सालको जनगणना अनुसार ८१२६५० रहेको थियो जसमा झापा जिल्लाको सम्पूर्ण जनसंख्याको ३.७७ % अर्थात ३०६५१ सतारहरुको जनसंख्या रहेको छ जसमा १५०९६ पुरुष र १५५५५ महिला रहेका छन ।

झापा जिल्लामा मेचीनगर नगरपालिका, ज्यामीर गढी, धाइजन, काकडभिट्टा, दुहागडी, अनारमनी, गरामनी, हल्दीवारी, सुरुङ्गा, महेशपुर, चन्द्रगढी, भद्रपुर, शरणामति, कुमरखोद, टाघनडुब्बा, सतासीधाम, राजगढ, धौलाडुब्बा, चारपाने, तुल्सीवारी आदि ठाउँमा सतारहरुको बसोबास रहेको छ । यसका अतिरिक्त सुनसरीको इनरुवा र इटहरीमा केहि सतारहरुको वसोवास भएको पाइन्छ भने मोरङ्गको उर्लारवारी तथा झापाको सीमाना सित जोडिएका मोरङ्गका गाउंपालिका तथा नगरंपालिका मा पनि सतारहरुको वसोवास रहेको पाइन्छ (केन्द्रीय तथ्याङ्क विभाग – जनगणना २०६८) ।

## ४.२ बिर्तामोड नगरपालिकाको परिचय

यो अनुसन्धान झापा जिल्लाको बिर्तामोड नगरपालिका वडा नं. ७ मा बसोबास गर्ने सतार जातिको विवाहमा केन्द्रित रहेको छ । यस नगरपालिकामा विभिन्न जात - जातिहरुको बसोबास रहेको छ । यहाँ बसोबास गर्ने अन्य जातिहरुमा ब्राम्हण, क्षेत्री, राई, लिम्वु, धिमाल, मगर, दमाई, कामी आदि रहेका छन् । सतार जातिहरुको बसोबास बिर्तामोड नगरपालिकाको विभिन्न क्षेत्रमा भएता पनि वडा न. ७ मा ८८ घरधुरी रहेको छ ।

बिर्तामोड नगरपालिकाको मुख्य वालीहरुमा धान, मकै, गहु, आँप, सुपारी, लिची, चिया, केरा, उखु, नरिवल आदि रहेका छन् । झापा जिल्ला तुलनात्मक रुपमा विकसित जिल्ला भएको कारण यहाँका मानिसहरुले यातायात तथा भौतिक सुविधाहरु प्रयोग गर्दै आएका छन् । यहाँ उब्जाउशिल माटो र सिचांईको राम्रो सुविधा भएको कारण प्राय मानिसहरु कृषि कार्यमा निर्भर रहेका छन् । साथै केही

मानिसहरु समयको परिवर्तन सँगै व्यापार व्यवसाय, पढेको मानिस जागिरमा संलग्न भएको, कोही विदेश पैसा कमाउन गएको पाइयो । यहाँ स्कूल, कलेज, अस्पताल, टेलिफोन, खानेपानी, यातायात आदमा राम्रो सुविधा रहेको छ । समयको परिवर्तन सँगै मानिसहरु क्रमिक रुपमा परम्परागत पेशा (खेतिपाती) लाई छोडी नयाँ पेशाहरु व्यापार व्यावसाय, रोजगारी, ज्यालादारी आदि तर्फ लाग्न थालेका छन् ।

सतारहरुका ५/७ वटा घरहरु झुरुप्प रहेको र घरको आगन एक अर्कामा जोडिएर रहेको अनुसन्धानको क्रममा देखिएको थियो । खेतीपातिमा काम गर्ने, रिक्सा चलाउने, घर बनाउने, काठको ज्यालादारी काम गर्ने र केहि विदेश पैसा कमाउन रोजगारीका लागि गएका लगाएत अन्य आर्थिक उपार्जन हुने काम गरी आफ्नो जिविका चलाएको पाइयो ।

यहाँका सतारहरु वुढापाका देखि केटाकेटी सम्म नेपाली बोल्ने गरेको पाइयो ।यसले के स्पष्ट पार्दछ भने, नेपाल सरकारले नेपाली भाषालाई राष्ट्रिय भाषाको रुपमा अंगीकार गरेपछि सतार जातिमा पनि यसको प्रभाव देखिएको हो । जसको परिणाम स्वरुप यिनीहरुमा नेपालीकरण प्रक्रिया वढ्दै गएको देखिन्छ । अनुसन्धानका क्रममा उनीहरुसँग कुराकानी गर्दा पनि नेपाली भाषा नै प्रयोग गरिएको थियो ।

### ४.३ उमेरका आधारमा बिर्तामोड नगरपालिका वडा न. ७ का सतारको जनसंख्या

बिर्तामोड नगरपालिका वडा न. ७ का सतारहरुको उमेर अनुसारको जनसंख्या तालिकामा देखाइएको छ ।

तालिका नं. १ : उमेरका आधारमा बिर्तामोड नगरपालिका वडा न. ७ का सतारहरुको जनसंख्या

| उमेर | जम्मा संख्या | प्रतिशत | पुरुष संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०–४ | १९ | ६.८१ | ९ | ६.८७ | १० | ६.७६ |
| ५–९ | ३० | १०.७५ | १४ | १०.६९ | १६ | १०.८१ |
| १०–१४ | ३३ | ११.८३ | १५ | ११.४५ | १८ | १२.१६ |
| १५–१९ | ३५ | १२.५४ | १६ | १२.२१ | १९ | १२.८४ |
| २०–२४ | २७ | ९.६८ | १३ | ९.९२ | १४ | ९.४६ |
| २५–२९ | १७ | ६.०९ | ८ | ६.११ | ९ | ६.०८ |
| ३०–३४ | २० | ७.१७ | ९ | ६.८७ | ११ | ७.४३ |
| ३५–३९ | २० | ७.१७ | १० | ७.६३ | १० | ६.७६ |
| ४०–४४ | १८ | ६.४५ | ९ | ६.८७ | ९ | ६.०८ |
| ४५–४९ | १७ | ६.०९ | ८ | ६.११ | ९ | ६.०८ |
| ५०–५४ | १३ | ४.६६ | ६ | ४.५८ | ७ | ४.७३ |
| ५५–५९ | ११ | ३.९४ | ५ | ३.८२ | ६ | ४.०५ |
| ६०–६४ | १० | ३.५८ | ५ | ३.८२ | ५ | ३.३८ |
| ६५–६९ | ५ | १.७९ | २ | १.५३ | ३ | २.०३ |
| ७० + | ४ | १.४३ | २ | १.५३ | २ | १.३५ |
| जम्मा | २७९ | १००.०० | १३१ | १००.०० | १४८ | १००.०० |

श्रोत : कार्य क्षेत्र अध्ययन २०७४

यस तालिकामा बिर्तामोड नगरपार्ालिका वडा न. ७ का छनौटा परेका सतारहरुको जनसंख्यालाई देखाइएको छ । अध्ययन क्षेत्रमा जम्मा जनसंख्या २७९ रहेको छ । ती मध्ये पुरुष १३१ र महिला १४८ रहेका छन् । जसमा १५ – १९ बर्ष उमेर समुहको जनसंख्या सबै भन्दा बढी १२.५४ प्रतिशत रहेको छ ।

## ४.४ पारिवारीक संरचना

परिवार भनेको एउटै धुरीमा बसी एउटै भान्सामा  खाना खाने,एकै आर्थिक कारोबार गर्ने आमा, बाबु, छोरा-छोरी आदि रहेको समुहलाई परिवार भनिन्छ । सतार  समुदायमा बाबुको थर छोरामा हस्तान्तरण गरेको पाइयो । उदाहरणको लागि घरधुरी सर्वेक्षण गर्दा बाबुको थर जे थियो सोहि अनुसार घरका अन्य सदस्यहरु (श्रीमती, छोरा, छोरी, नाति, नातिनी, बुहारी) को पनि एकै थर पाइयो । त्यसै गरी सम्पत्ति पनि बाबुबाट छोरामा हस्तान्तरण हुने गरेको पाइयो । घरको हरेक अधिकार पुरुषको निर्णयमा रहेको पाइयो । महिलाको खास अधिकार केहि नभएता पनि घरकि मालिक्नी उ नै हुन्छे र घर भित्रको काम उसैको जिम्मामा छोडिन्छ । सतार समुदायको परिवारको संरचनालाई हेर्ने हो भने पितृसतात्मक पारिवारीक ढाँचा देखिन्छ । विवाह पश्चात महिलाको थर श्रीमान थरमा परिणत हुने गरेको पाइयो । सतार  परिवारमा वैवाहिक सम्बन्धको नातेदारी भन्दा रक्त सम्बन्धलाई बढि प्राथमिकता दिइएको पाइयो जसलाई दाहालको अध्ययनले पनि प्रष्ट देखाउछ । जस्तै श्रीमान श्रीमती झगडा गरेर सम्बन्ध विच्छेड पनि हुन सक्दछ र पहिलेको नाता टुट्ने गर्दछ तर दाजु भाई बीच झगडा भए पनि मर्दा पर्दा सहयोग गर्दछन र यो सम्बन्ध कहिल्यै पनि टुट्न सक्दैन भन्दछन ।

सतार  समुदायमा एकल परिवार र संयूक्त परिवार गरि दुई प्रकारका परिवार रहेको पाइयो जसलाई तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. : २ परिवारिक संरचना अनुसार परिवार संख्याको विवरण

| पारिवारीक संरचना | घरधुरी संख्या | प्रतिशत |
|---|---:|---:|
| एकात्मक परिवार | २८ | ५६ |
| संयुक्त परिवार | २२ | ४४ |
| **जम्मा** | **५०** | **१००** |


श्रोत : कार्य क्षेत्र अध्ययन, २०७४

तालिका २ मा एकात्मक परिवार ५६ प्रतिशत र संयुक्त परिवार ४४ प्रतिशत रहेको पाइयो । जसमा एकात्मक परिवार १२ प्रतिशत बढी रहेको थियो । यो हुनुको मुख्य कारण सतार हरुको जग्गा जमिन कम भएको र प्राय : जसो युवा युवतीहरु विवाह गर्नासाथ बाबुआमासँग अलग्गिने र अन्य कुनै व्यवसायमा लाग्ने गरेकोले एकात्मक परिवारको संख्या बढेको सतारहरु बताउछन । तर (दाहाल २०५६) का अनुसन्धानले सतारहरु परम्परागत रुपमा संयुक्त परिवारमा बस्ने गरेको र संयुक्त परिवारमा बस्ने कारणहरुमा घर पिच्छे माझी मुखियालाई मान्नु पर्ने, राणकालमा सार्वजनिक काममा घरैपिच्छेबाट जानुपर्ने तथा सिकार एंव जंगली फलफूल संकलन गर्न र खेतीपातीमा एउटै परिवारबाट श्रम उपलब्ध हुने जस्ता कारणले संयुक्त परिवारमा बस्ने गरेको लेखिएको छ । तर मैले अध्ययन गरेको क्षेत्रमा १२ प्रतिशतले संयुक्त परिवार भन्दा एकात्मक परिवार बढी रहेको पाइयो । यसरी सतार समुदायको परिवारमा पनि परिवर्तन हुँदै गएको पाइयो ।

# अध्याय पाँच : सतार जातिको विवाह

## ५.१ विवाह सम्बन्धि सामाजिक मूल्य मान्यता

सतार समूदायमा ५ पुस्ता सम्म विवाह हुँदैन जसलाई निम्न चार्टमा देखाइएको छ ।




सतार भाषामा विवाहलाई 'बाप्ला' भनिन्छ । सतार समूदायमा विवाहका आफ्नै प्रचलन, मान्यता र संस्कारहरु रहेका छन् । महिला र पुरुष वीच वैवाहिक सम्वन्ध राख्ने सम्बन्धमा सतार समूदायमा को सँग कसको वैवाहिक सम्वन्ध गर्ने र कोसँग कसको गर्न हुँदैन भन्ने सम्बन्धमा सतार समूदायको आफ्नै प्रचलन र मान्यताहरु भएको कुरा बताए । सतार जातिमा एकै थर विचमा वैवाहिक सम्बन्ध हुँदैन जस्तै हास्दा थरको केटा र हास्दा थरकी केटीसँग विवाह हुँदैन । त्यसैगरी सतार समाजमा पनि जातिगत सामाजिक स्तरीकरण रहेको पाइन्छ । केही थरहरुलाई तल्लो तहमा राखेको पाइन्छ जस्तै मुर्मु, सोरेन थरलाई उनीहरु माथिल्लो जात र चोडे, पोडिया जातलाई तल्लो जात मान्दछन्

। यदि यस्तो विवाह गरेमा समाजवाट वहिस्कृत गर्ने गर्दछन । यस्तो परिवार आफ्नो समूदायवाट अलग राखिन्छ भने अन्य समूदायले पनि तिनीलाई स्वीकार गर्दैनन् । यस्तो परिवार न त सतार समूदायको सदस्य रहन सक्छ न त अन्य जातको । जसलाई भिक्टर टर्नरको शब्दमा भन्ने हो भने लिमिनालिटी (न घरको न घाटको) हुन्छ । तर समूदायमा उनीहरुलाई आफ्नो थरमा भित्राउने आफ्नै प्रचलन पनि रहेको छ । यदि समाजमा एउटै थर जस्तो हास्दा थरले हास्दा थरकै विवाह गरेमा उनीहरुलाई उनीहरुको राजनैतिक व्यवस्था 'गुमस्ता' र गाँउले भेला भएर उनीहरुलाई दण्डीत गर्ने व्यवस्था छ । यस्तो विवाहलाई उनीहरुको समाजमा हाड्नाताको विवाह मान्दछन् । उनीहरुलाई समाज भित्र पुनः भित्राउन गाउँमा भोज गरी र जरिवानामा केहि रकम तिरी पुन समाजमा ल्याउने प्रचलन छ । यदि ठूलो थर मुर्मु, सोरेनले सानो थर चोडे, पोडियासँग विवाह गरेमा उनीहरुको राजनैतिक सामाजिक व्यवस्थाले दण्डित गर्ने गर्दछन् । यस्तो विवाहीतलाई पुनः समाजमा भित्रिन उसले गाँउलेलाई भोज खुवाउनु पर्छ र उ फेरी समाजमा घुलमिल हुन्छ ।

सतार समूदायको विवाहमा केटा पक्ष र केटी पक्षबीच के कसरी विवाहका लागि सम्बन्ध बढाउने र कुरा चलाउने भन्ने सम्बन्धमा यिनीहरुको निश्चित सामाजिक मान्यता रहेको कुरा बताए । यिनीहरुको विवाह गर्न केटा र केटीको उमेर १८/२० वर्ष हुनु पर्ने कुरा यिनीहरु बताउँछन् । पहिला-पहिला सानो उमेरमा विवाह गर्ने गरिन्थ्यो तर अहिले सानो उमेरमा विवाह गरेमा कानुनी सजाय हुन्छ, त्यसैले कानुनी रुपमा केटा केटी सक्षम भए पछि मात्र विवाह गरिन्छ भनी एक महिला सतारले बताइन् ।

### ५.२ सतार समूदायमा विवाहका लागि केटी खोज्ने प्रचलन

सतार समूदायमा विवाह परम्परा देखि नै चल्दै आएको जसले यस समूदायमा मान्यता पाउने कुरा सतारहरु बताउँछन् । सतार समूदायमा केटीको उमेर १८/१९ वर्ष र केटाको उमेर २०/२१ वर्षमा र कहिले काही केटा भन्दा केटीको बढी उमेर भएमा पनि विवाह गर्ने चलन रहेको कुरा बताए । सतार समूदायमा आफ्नो छोराको उमेर २०/२१ भएपछि विवाहको लागि उपयूक्त भएको ठान्छदन् र वावुले गाउँका केहि मानिसलाई बोलाएर विवाह सम्वन्धि सर-सल्लाह गरी इच्छा परेको केटीको

घरमा आफ्नो मानिसलाई विवाहको प्रस्ताव पठाउँछ। यसरी प्रस्ताव लिएर जाने मुख्य व्यक्तिलाई यिनीहरु "राइबर बुढा" (इडामबा) वा घटेकदार' भन्छदन्। प्रस्ताव लिएर जाने कार्यलाई सतार भाषामा 'नेपेल' भन्दछन्। यसरी राइबर वुढाले केटीको घरमा विवाहको प्रस्ताव राखे पछि केटी पक्षका राजी भए अर्को दिन वा केही दिन पछि केटीको घरमा विवाह गर्ने केटा, केटाको वावु, काका, फुपु, दिदी, अन्य आफन्त व्यक्तिहरु कुरा छिन्न जाने बताए। कुरा छिन्न जाँदा कपडा, जाड-रक्सी, लिएर जाने र यी वस्तु केटी पक्षकाले स्वीकार गरी लिए विवाहको कुरा पक्का भएको ठान्दछन् भने नलिए अस्वीकार भएको ठान्दछन्। यहाँ उनीहरुको एक आपसमा चिनाजानी, ढोगभेट गर्ने विधि यिनीहरुको आफ्नै प्रकारको हुने बताए। केटीले विस्तारै शरीर अगाडी झुकाएर दुई हातले भूईमा छुन्छिन् र हात उठाएर दुई हात जोड्छिन क्रमसंग ढोग्दा जसलाई ढोगिन्छ उसले पनि पहिलो आफ्नो अंजुली फुकाउने र नमस्कार गरी ढोग फर्काउने विधि यिनीहरुमा रहेको कुरा बताए।

ढोगभेट सकिएपछि एक आपसमा विवाहको कुरा चलाइन्छ। दुवै पक्षका राजी भए पछि केटा-केटीलाई पनि मन परे नपरेको सोधिन्छ। त्यस पछि दुवै केटा केटीमा राजी भएमा बिवाहको तयारीमा दुवै पक्ष लाग्ने बताए। त्यहाँ जांड-रक्सी, खाना खाने, कुराकानी गर्ने, हाँसो मज्जा गर्ने र आफ्नो घर फर्कने बताए।

### ५.३ नेपेल

विवाह गर्नु भन्दा अगाडी र केटा र केटी हेरा-हेर गरिसके पछि गरिने कार्यलाई नेपेल भनिन्छ। यसमा विवाहको मिति तोक्ने, के कसरी विवाह गर्ने, के के दाइजो दिने आदि बिषयमा छलफल गर्दछन् भने ढोगभेटबाट अझ सम्बन्ध गाढा बनाउने कार्य गरिन्छ। विवाह सम्बन्धी कुरो मिलाउन केटी पक्षको घरमा जाँदा केटा पक्षबाट गाम्चा, चोलो, साडी, मुराई, लगायत अन्य सर- सामान लिएर जाने बताए। केटीकोमा पुगेपछि सर्वप्रथम केटापक्ष र केटीपक्षका वीचमा ढोग-भेट गरिन्छ। ढोगभेट पछि त्यहाँ केटालाई केटी पक्षका आमा, दिदी, बहिनीले तेल लगाउने गरिन्छ भने केटीलाई केटा पक्षका फुपु दिदी-बहिनीले तेल लगाउने बताए। यस पछि उपस्थित सवै जनाले जाड, रक्सी, मासु-भात खानपीन गर्ने, रमाइलो गर्ने बताए। सतार जातिमा विवाहको दिन निश्चित भएपछि दुवै

पक्ष त्यहीं बसी पँहेलो धागाको दुइवटा डोरी बाध्ने बताए । यस दिन देखि जति दिन पछि विवाह हुने हो त्यति नै गांठो डोरी पारिन्छ र केटा र केटी पक्षलाई एक-एक वटा डोरी दिइन्छ । सायद लेखनकलाको विकास नभएको हुँदा विवाह गर्ने दिन फरक नहोस् भनी यो प्रचलन शुरुवात गरेको हुन सक्दछ । यी डोरीका गांठाले विवाह अब कति दिन पछि हुने हो भन्ने संकेत गर्छ भने पहेंलो रङ विवाह लगायत अन्य कार्यमा शुभ मान्ने बताए । प्रत्येक दिन तलबाट एउटा- एउटा गाँठो खोल्ने गरिन्छ र त्यहाँ हरेक गाँठा गन्दै विवाह आउने दिन यति छ भनेर सम्झने बताए । यस पछि विवाहको निम्तो बांड्न थाल्ने बताए । विवाहको निम्तो दिँदा दुवै पक्षबाट आ-आफ्ना मानिसलाई दुवो अक्षता, विवाह हुन जति दिन वाँकी रहेको हुन्छ त्यत्ति नै गाँठो पारेको डोरी सँगै निम्तो पठाउने गर्दछन् ।

### ५.४ सतार जातिमा विवाह प्रथा र तिनमा आएको परिवर्तन

सतार जातिमा विवाहका वारेमा विद्वानहरुबिच एक मत पाँइदैन । मेची देखि महाकाली (२०३१) मा १० प्रकारका विवाहको उल्लेख गरिएको छ भने मदन कट्टेलले ११ प्रकारका विवाहको उल्लेख गरेका छन् । प्रेमलत्ता घिमिरे (१९९३) ले ९ प्रकारका विवाह सतार समूदायमा प्रचलित भएको कुरा बताएकी छन् । तर अध्ययन गरिएको बिर्तामोड नगरपालिका वडा न. ७ मा स्थानिय सतारहरुले बताए अनुसार सतार समूदायमा निम्न प्रकारका बिवाहहरु प्रचलनमा रहेका छन् ।

- किरिन बाहु बाप्ला (मागी विवाह)
- टुकी दिपाल बाप्ला (कम खर्चिलो विवाह)
- घर दी ज्वाई बाप्ला (घर ज्याई विवाह)
- गोलार बाप्ला (साटा-साट विवाह)
- निरबोलक बाप्ला (केटीको इच्छा अनुसार विवाह)
- इटुक बाप्ला (केटाको इच्छा अनुसार विवाह)
- हिरोन चेतन बाप्ला (वहु विवाह)
- यदि केदिया अरमत बाप्ला (जारि विवाह)

- अपाङ्ग गीर बाप्ला (प्रेम विवाह)
- खाङ्या बाप्ला (विधवा वा विदुर विवाह)
- होली बाप्ला (भाउजु विवाह)

### ५.४.१ किरिन बाहु बाप्ला (मागी विवाह)

मागी विवाह अन्य जातिमा उत्तम मानिए जस्तै सतार जातिमा पनि राम्रो र बढी प्रचलनमा रहेको अध्ययनका क्रममा पाइयो। भिक्टर टर्नर ले विवाहलाई एउटा संस्कारको प्रक्रिया माने झैं सतार जातिमा विवाह गर्दा एउटा निश्चित प्रक्रिया पुरा गरिन्छ। विवाहमा केटाको घरमा एउटा लामो बांस आगनमा गाडेको हुन्छ। जसलाई उनीहरुको भाषामा "नजोर कटाउ" भनिन्छ। बिवाहको दिन बेहुला अन्माउनु भन्दा अगाडी बेहुला पक्षका बहिनीले बेहुलाको साथीहरुको र बेहुलाको खुट्टा बेहुलाको आमाले धुने गर्छिन्। यस पछि बेहुलालाई 'नजोर कटाउ' (बाँस गाडेको ठाउँ) मा राखेर सख्खर खुवाइन्छ सख्खर खुवाउनाको अर्थ बेहुलालाई आशिर्वाद दिएको मानिन्छ। यो सख्खर खुवाउने काम बेहुलाको आमा लगायत बेहलाका आफन्तले गर्दछन्। बेहुलाले आफ्नो मुखमा एउटा पैसाको डलर राखेको हुन्छ। त्यो पैसा आमालाई दिनु पर्दछ। आमाले आफ्नो साडीले बेहुलाको टाउको छोपेपछि त्यो पैसा आमालाई दिन्छ। त्यो पैसा दिनुको अर्थ बच्चा हुँदा आमाले खुवाएको दुधको ऋण तिरेको भन्ने बुझिन्छ।

यस पछि बेहुलालाई जन्तिका साथ अन्माइन्छ र बेहुलालाई बेहुलाको भेनाले बोकेर पाल्की, गोरुगाडा, गाडी भए सम्म लाने बताए। यो काम भेना छैन भने फूपाजुले गर्छन्। यसले पनि सतार समूदायमा भेना वा फुपाजुको महत्व देखाउँछ। यस पश्चात् वेहुला सहित जन्तिहरु बाजागाजा सहित बेहुलीको घर तर्फ जान्छन्। यिनीहरुले बजाउने बाजालाई ढोल भन्दछन्। बेहुलाको घरबाट वरियात निस्केर बेहुलीको घरमा प्रवेश नगरुञ्जेल बेहुलाको वावुले केही खान नहुने बताउँछन्। बेहुला लगायत वरियात बेहुलीको घर भन्दा अलिक टाढै बेहुली पक्षको जगमाझीले तोकेको ठाउँमा रोकिनु पर्छ। त्यंहि बेहुलाकै खर्चमा खाने बस्ने प्रबन्ध मिलाउनु पर्छ। यस पछि बेहुला पक्षका ३ वा ५ विजोडी व्यक्ति बेहुलीकामा जान्छन्। यिनीहरुले आफ्नो तर्फको सम्पूर्ण तयारी बेहुलीकहाँ सुनाउँछन्। यस्तो

व्यक्तिहरुको समुहलाई सतार भाषामा “अगोदार” भनिन्छ । अगोदारले आफ्नो पक्षका जन्तीलाई खाना पकाउने, खुवाउने व्यवस्था मिलाउनु पर्छ। बरियात त्यहि रोकिएर बस्नु पर्छ। बेहुली पक्षकाले नबोलाए सम्म बेहुलीको गाउँमा प्रवेश गर्न पाइदैन । बेहुला पक्षले शुरुको सम्झौता स्वरुप आए छिट्टै प्रवेश निम्ता पाउँछन्  नभए वेहुली पक्षले वेहुला सहित जन्तीहरुलाई प्रवेश दिदैनन्। बेहुलीको वावुलाई बेहुला पक्षबाट सर-सल्लाह वमोजिम नआएको लागेमा पुन : दुबै पक्षका जगमाझी एक ठाउँमा बस्छन् र जांड-रक्सी खादै मन माझामाझ गर्छन् । बेहुला पक्षको जगमाझीले आफ्नो पक्षको कमजोरी सच्चाउने प्रतिवद्धता दिन्छ साथै बेहुली पक्षको माग बमोजिम हुने समेत आश्वासन दिन्छन्। त्यस पछि बेहुलालाई बेहुलीकोमा आउने अनुमति दिइन्छ। यसरी सतार जातिमा विवाह भनेको केटाकेटी विचको सम्वन्ध मात्र नभई, नातेदारी तथा राजनैतिक संस्था र जंगमाझी विचको घनिष्ट सम्बन्ध पनि हो ।

वरियात बेहुलीकोमा प्रवेश गर्दा ढोलक, तबला बजाउँदै अगाडी बढ्छ । यस समयमा सतार युवकहरुले लट्ठी खेल समेत खेल्ने बताए। बेहुला बेहुलीको घर पुगेपछि बेहुलालाई बेहुलीकी आमा-दिदीले नुहाइदिने चलन छ । सगुनको लागि सख्खर खुवाइन्छ । जन्ति बेहुलीको घर भित्रिए पछि बेहुली पक्षका केटी वा जवान महिलाले बेहुला पक्षकालाई जिस्काउने चलन पनि रहेको बताए ।

बेहुलीलाई विवाह मण्डपमा निकाल्ने विधि सतार समूदायमा अनौठो प्रकारको रहेको अध्ययनको क्रममा पाइयो । बेहुलीलाई एउटा ठूलो ढाकी (जसलाई उनीहरुको भाषामा ‘दौडो’ भनिन्छ) मा राखिन्छ र बेहुला पक्षका ३ वा ५ विजोडी व्यक्ति भिनाजु, देवर गएर वेहुलीलाई ढाकीमा नै बोकेर बाहिर ल्याइन्छ । यसबेला बेहुली पक्षका केटाकेटीहरुले खुबै जिस्काउने र रङ दलिदिने गर्दछन् । त्यो ढाकी कतै नठोकाई र कतै नराखी बाहिर ल्याउनुपर्ने यिनीहरुको अनौठो चलन रहेको बताए। ढाकी कतै ठोकिएमा अशुभ मान्दछन्। बेहुली बाहिर ल्याई ढाकीमै उचालेर राखिन्छ भने बेहुला पनि आफ्नो भिनाजु र फूपाजु र दुवै नभए कसैलाई पैसा दिई उसको काधमा चढ्ने गर्छन्। दुवै पक्षका जगमाझी एक-एक लोटा पानीमा ‘तीन वा पाँच’ वटा आँपका पात लिएर खडा हुने गर्दछन्। दुवै बेहुला बेहुली एक अर्कालाई पातले पानी छर्कन्छन्। यसै समयमा बेहुलाले बेहुलीलाई सिउँदोमा

सिन्दुर लगाइदिने र यो समय बेहुलीले घुम्टो खोल्न गारो मानेकी हुन्छिन् । बेहुलाले जबरजस्ती घुम्टो खोल्ने गर्दछन् । यहि समयमा पोते पनि लगाइदिने चलन् छ । सिन्दुर बुढी औला र कान्छी औलाले च्यापेर तीन पटक लगाउनु  पर्दछ । त्यस पछि दुवैलाई तल भ्कारी बेहुलालाई दाहिने र बेहुलीलाई देब्रेपटि राख्ने गरीन्छ त्यस पछि दुवैको खुट्टा धुने कार्यक्रम हुन्छ र खाना खुवाइन्छ । खाना बेहुला बेहुलीमाभ्क साटा-साट गरेर खुवाइन्छ । त्यसपछि गाउँको माभ्की थानमा बेहुला र बेहुलीलाई लगिन्छ । त्यहाँ धुप अक्षता, सिन्दुर चढाई पूजा गर्न लगाइन्छ र दुवैलाई माभ्की हडामले आशिर्वाद दिन्छन् । दुबै पक्षका जगमाभ्की, त्यस गाउको माभ्की हडामको सामुन्ने माभ्की थान देवतालाई साक्षी राखि केटीको वावुले आफ्नी छोरीको हात केटाको वावुको हातमा हालि दिन्छन् र त्यस समय नाचगान गर्ने सतारहरुले अध्ययनका क्रममा बताए ।

यस पछि विदाइको कार्यक्रम शुरु हुने र विदाई हुनु भन्दा अगाडी बेहुलीकी आमाले बेहुला-बेहुलीको मुख धोइदिने र सख्खर खुवाउदिने गर्दछिन् । यस पछि केटीको (बेहुली) मुखमा राखेको पैसा बेहुलीको आमालाई दिन्छिन्  यो छोरीलाई आफ्नी आमाले दुध खुवाएको ऋण तिरेको सतारहरु मान्दछन् । बेहुलाको साथै उसको साथी, भेनालाई पनि सख्खर खुवाउने गरिन्छ । यस पछि बेहुला र बेहुली पक्षका बावु लगायत आफन्तबीच ढोगभेट गरिन्छ । यो ढोगभेटलाई रीत (गमन टाका) तिरेको भनिन्छ र नातेदारी स्थापित भएको मानिन्छ । यस पछि बेहुली सहित बेहुला र जन्ति केटी पक्षको घरवाट विदाई हुन्छन । बेहुला-बेहुली दुवैले बढो श्रद्धासाथ आफू चढ्ने साधनलाई नमस्कार गर्ने र त्यसमा चढ्ने गर्दछन । बेहुली पक्ष बढो नरमाइलो मान्दै विरह भाकामा गीत गाउँछन् र विदा गर्दछन ।

यो समयमा यिनीहरुले गाउने गीत

*लिहि मायकोमदारी हरलोलो*
*मुताम अलोम्रागा पकोडमा*
*गोञ्जरे हरलोलो प्रताम कुनालोम्रागा*

रहेको छ ।

(नेपाली भावर्थ दाम्पत्य जीवनतिर अग्रसर भएकी तिमी जति रुनु छ र आँशु बहाउनु छ, आजै बगाउ, आज भन्दा पछि तिमीले कहिल्यै नरुनु, हाम्रो जोडी जस्तो भएर एक अर्काको सहयोग र भरोसामा बाँच) ।

वरियात केटाकोमा फर्केपछि सरासर त्यहाँको माझीथानमा लगेर पूजा आजा गर्न लगाउने र त्यस गाउँको माझी हडामसँग आशिर्वाद लिने गर्दछन  त्यस पछि केराको बोट छेउ केटा-केटीको खुट्टा धोइदिने परम्परा रहेको छ । बेहुलाकी आमाले दुवैलाई सगुन स्वरुप गुण खुवाएर घरमा भित्राउने र बेहुली केटाको घरमा प्रवेश गर्दा गेटमा राखेको चामलको डालो खुट्टाले लडाइदिने चलन रहेको छ । यो प्रचलन परम्परा देखि रहंदै आएको छ । यसरी भित्राउँदा दुवैलाई पहेंलो रङ समेत दलिदिने चलन समेत रहेको पाइन्छ । वेहुलीसंग लोकन्ती समेत आउँछन् । वरियात वेहुलीकामा जाँदा एउटा सानो पाठो बेहुली पक्षलाई दिएको हुन्छ । लोकन्ति फर्किए पछि बेहुलीको बावुले सो पाठो काटेर सबैलाई खुवाउने चलन छ । त्यहाँ भोज समेत गर्ने बताए । भोजमा जांड-रक्सी, मासु-चिउरा, भात, तरकारी खाने चलन छ । तीन रात वसी वेहुली माइत जान्छिन् र हप्ता दिन पछि बेहुली लिन बेहुला जाने गर्दछन । ऊ ससुरालीमा १/२ दिन बसी बेहुलीलाई साथै लिएर घर फर्कने गर्छ।

मागी विवाह वावु आमाको सहमतिमा गरिने विवाह हो तर यसमा परिवर्तन आईरहेको कुरा अध्ययन क्षेत्रका सतारहरुले बताए । पाण्डु हास्ताका अनुसार ४/५ दशक अगाडी हामी सतार समूदायसँग जग्गा जमीन प्रशस्त मात्रामा थियो । हामीहरु आफ्नो जग्गामा खेतीगरी प्रशस्त मात्रामा अन्न उत्पादन गर्दथ्यौं । यो उत्पादन गरेको अन्न विक्रि गर्ने ठाउँ पनि थिएन र अन्न आफ्नै घरमा राख्थ्यौं । यस्तो अन्नहरु विभिन्न उत्सव जस्तै - विवाह, चाडपर्वमा भोज भतेर, रमाइलो गरेर खर्च गर्दथ्यौं । जसले गर्दा विवाह लामो समय १०/१२ दिन लगाएर भोज भतेर, रमाइलो गरेर गर्दथ्यौं । पहिले हाम्रो विवाहको भोजमा जति धेरै फालिएको खानेकुराले खाडल भरिन्छ विवाह पनि त्यति नै सफल भएको समेत मानिन्थ्यो । तर पहाडी भागबाट तराइमा व्राम्हण, क्षेत्री, राई, लिम्बुको आगमन हुन थालेपछि सतारहरुले कमाएको जग्गा व्राम्हण, क्षेत्री, राई, लिम्वुले कानुनी रुपमा आफ्नो बनाउन

थाले र विस्तारै आफ्नो जग्गा गुमाउन पुगेको बताए । अहिले हामीसँग जग्गा जमीन नभएको र आर्थिक रुपमा कमजोर भएकोले गर्दा २/३ दिनमा नै विवाह सक्ने समेत बताए ।

४/५ दशक अगाडी विवाहमा जन्ति कम जाने गरेको र यस्तो हुनुमा सतारको जनसंख्या कम भएर हो भन्छन् । तर अहिले सतार जनसंख्या बढी भएकोले जन्ति जाने सख्या समेत बढेर गएको बताए ।पहिले प्रशस्त मात्रामा जग्गा जमीन थियो, गोरु- गाडा आफै सँग हुन्थ्यो र विवाह पनि नजिकै हुनाले यातायातको रुपमा गोरु- गाडाको प्रयोग गर्ने गरेको बताए । तर अहिले आएर जग्गा विहिन हुनु, गोरु-गाडाको प्रचलन हराएर जानु, विवाह पनि एउटै गाउँमा मात्र नभई टाढा-टाढा हुन थाल्यो । जसले गर्दा आधुनिक यातायातका सधनहरुको प्रयोग हुन थालेको कुरा अध्ययनको क्रममा सतारहरुले बताए ।

### ५.४.२ टुकी दिपाल बाप्ला (कम खर्चिलो विवाह)

कम खर्चिलो र सामान्य रुपमा गरिने विवाहलाई सतार जातिमा टुकी दिपाल वाप्ला भनिन्छ । यसमा विवाहको सबै विधि अपनाई गाउँका मानिसले सहयोग गरेर केटीले आफ्ना सामानहरु तुङ्गी वा वास्केटमा लिएर केटा संगै केटाको घरमा गई आफ्नो वैवाहिक सम्बन्धलाई अगाडी बढाउने गर्दछन । यो विवाहमा केटीलाई मेला, हाटबजारमा हेरी मन पराए पछि केटा सहित केटा तर्फका केहि व्यक्ति केटीको घरमा गएर केटी ल्याउने गरिन्छ र आफन्तलाई बोलाई भोज गर्ने र विवाह समाप्त गरिन्छ । यति भए पछि उनीहरु एक आपसमा पति-पत्नि भएको स्वीकार गर्ने सतारहरुले बताए । यो चलन अहिले पनि अध्ययन क्षेत्रका सतार समुदायमा प्रचलनमा रहेको छ ।

### ५.४.३ घरदी ज्वाई बाप्ला (घर ज्याई विवाह)

घर ज्वाई विवाह केटीको घरमा छोराहरु नभएमा छोरी मात्र भएमा घर ज्वाई आफ्नो छोरी दिई आफ्नै घरमा राखी गरीने विवाहलाई घरदी ज्वाई वाप्ला भनिन्छ । यो विवाहमा कुनै केटाले कुनै केटीलाई मन पराएमा त्यस केटाले केटीको घरमा बसी काम गर्नु पर्छ र केटीका वावुले आफ्नी छोरी दिई विवाह गरि दिन्छन् । पहिले यस्तो विवाह प्रशस्त प्रचलनमा रहेको भएपनि अहिले यो विवाह गर्न सतारहरु त्यति नरुचाउने बताए । हामी आफ्नै घरमा बस्न रुचाउँछौं, घर ज्वाई बस्न

मन लाग्दैन, अरुको घरमा गएर बस्न मन लाग्दैन, हामी आफै काम गरेर खाने, किन अरुको घरमा बस्ने । बुधकरण टुडुले भने केटाहरु घर ज्वाई बस्न मान्दैनन्, कसरी गर्ने घर ज्वाई विवाह । यो हटेर जानुमा सामजिक हिनताबोधले गर्दा हो भन्न सकिन्छ ।

### ५.४.४ गोलाट बाप्ला (साटा-साट विवाह)

साटा-साट गरि गरिने विवाहलाई गोलाट बाप्ला भनिन्छ । सतार जातिमा केटीका दाजु वा भाईले ज्वाइकी दिदी वा बहिनीसँग विवाह गर्ने चलन रहेको सतारहरु वताउँछन् । यो विवाह आज भन्दा २०/२५ वर्ष पहीले एकदमै प्रचलनमा रहेको कुरा यहाँका सतार बुढापाकाले बताए । यो विवाह कम खर्च लाग्ने र भोज भतेर गर्न नसक्नेले केटा र केटीका वावु विच कुराकानी गरी राजी भए पछि केटीलाई केटाको हातमा सुम्पी केटी केटाको घरमा गई आफ्नो वैवाहिक जीवन अघि बढाउँछन् भनी सतारहरुले बताए । यस्तो विवाहले दुई पक्षको नातेदारीलाई बलियो बनाउने भएकोले यो विवाह गर्ने बताए ।

तर यो प्रचलनको विवाह हराउँदै गएको कुरा यहाँका सतार बुढापाकाले बताए । यो प्रचलनमा परिवर्तन आउनुका कारणमा एक पक्षका छोरा छोरी ठूला र अर्का पक्षका साना हुनु, परिवारको संख्या घट्दै जानुले साटा-साट विवाह हराउँदै गएको वताउँछन् । गोलाट बाप्लामा आएको परिवर्तन सँगसँगै नातेदारी सम्बन्धमा पनि परिवर्तन आएको देखिन्छ । किनकि यस प्रकारको विवाह दुई परिवारको वीचमा मात्र वैवाहिक नातेदारी हुने गर्दथ्यो भने अव दुई परिवारमा मात्र वैवाहिक नातेदारी नभई धेरै परिवारको वीचमा वैवाहिक नातेदारी स्थापित हुन थालेको स्थानिय सतारहरुले बताए ।

### ५.४.५ निरबोलक बाप्ला (केटीको इच्छा अनुसारको विवाह)

यस्तो विवाह केटीले मन पराएको केटाको घरमा जवरजस्ती पस्ने र केटा पक्षले स्वीकार गरे विवाह गरिदिने र सहजताका साथ उ त्यस घरकी वुहारी हुन्छे । यदि केटाकी आमा, केटालाई त्यो केटी मन नपरे उसलाई फकाई फुल्याई घरबाट निकाल्ने कोशिस गरिन्छ, तर केटी जान नमाने घर भित्र खोर्सानी पोली वस्न नसक्ने वातावरण बनाइन्छ । यति गर्दा पनि केटी अडिग भए ऊ त्यस घरकी

वुहारीको रुपमा स्वीकार गरिन्छ। यति भए पछि केटा तर्फका मानिस बोलाई भोज भतेर खुवाउने र रमाइलो गर्ने प्रचलन रहेको कुरा बताए ।

यस्तो विवाह गरेमा केटीलाई अहिलेका यूवाहरुले स्वीकार नगर्ने, अपहेलना गर्ने, घरबाट जवर जस्ती निकाल्ने जस्ता कारणले गर्दा यस्तो विवाह प्रचलन कम हुँदै गएको  बताए । यसै सन्दर्भमा लिलु बेसरा भन्छन् "हामीलाई मन परेको केटी छ भने त स्वीकार गर्छौं तर मन परेको नै छैन भने कसरी स्वीकार गर्ने । हामी आफूलाई मन परेकी केटी विवाह गर्ने हो नी ।"

### ५.४.६ इटुक बाप्ला (केटाको इच्छा अनुसार विवाह)

केटाको इच्छा अनुसार गरिने विवाहलाई इटुक बाप्ला भनिन्छ। यस्तो विवाहमा केटालाई मन परेको केटीलाई कुनै पनि ठाउँमा एक्लै पारेर आफ्नो वल बुताले केटीलाई सिन्दुर हालिन्छ र त्यो केटीले सहर्ष स्वीकारे त्यो केटी त्यसकेटा संग विवाह गरेको ठहर्छ तर केटीले, केटी पक्षले नरुचाए केटालाई कुटपीट समेत गर्ने हुँदा यसमा केटाले निकै ठूलो जोखिम उठाउनु पर्छ। केटी आफ्नै वावु आमा संग बस्ने गर्छिन र पछि अन्य केटासँग विवाह गर्न सक्छिन् । तर सतार जातिमा यसलाई दोस्रो विवाह भएको मानिन्छ । किनकि उसको पहिलो विवाह सिन्दुर जवरजस्ती लगाइदिने संग भएको मान्ने गरिन्छ। यदि उक्त केटीले कुनै केटासँग विवाह नगरी माइतमा बसिराखेमा उनी विधवा सरह भएको मान्ने परम्परा रहेको अध्ययनका क्रममा पाइयो ।

यो विवाहले सतार जातिमा पुरुषको स्थान उच्च भएको देखाउँछ । यो विवाह सतार समूदायको कम खर्चिलो र पहिले ज्यादै लोकप्रिय विवाह भएको पाइयो । यो विवाह हिंसात्मक र जवरजस्ति भएकाले यो क्रमश हराउँदै गएको अध्यन क्षेत्रका सतारहरुले बताए । बुढा-पाका सतारहरुका अनुसार आज भन्दा २/४ दशक पहिला यस्तो विवाह ज्यादै प्रचलनमा रहेको थियो तर आज भोलि हराउँदै गएको छ । गोबिन हास्दाका अनुसार यो हराउनुमा कानुनी रुपमा दण्डनीय, सामाजिक रुपमा नराम्रो, पारिवारिक कलह आदि हो भन्दछन् ।

### ५.४.७ हिरोन चेतन बाप्ला (बहु विवाह)

हिरोन चेतन बाप्लालाई वहु विवाह भनिन्छ । पहिली श्रीमति हुँदा हुँदै दोस्रो केटी भगाएर गरिने विवाह वहु विवाह हो । यो विवाहलाई सतारहरु अमान्य विवाह मान्दछन्  भने कतिपय परिस्थितिमा भने मान्यता दिने गरेको बताए । पहिली श्रीमति रोगि भएमा, छोरा-छोरी नभएमा, शारीरिक रुपमा अपाङ्ग भएमा घर गृहस्थी चलाउन श्रीमति र समाजको स्वीकृति लिएर दोस्रो विवाह गर्ने परम्परा रहेको कुरा बताए ।

हिरोन चेतन वाप्लाको प्रचलन कम हुदै जानुमा परिवार, समाजले स्वीकार नगर्नु हो । लालु सारेन वर्ष ४१, अनुसार परिवारमा दुईजना श्रीमति भएमा त्यहाँ ती दुई विच झै-झगडा हुने, एकले अर्कालाई हेप्ने, कान्छी श्रीमति ल्याएपछि श्रीमानले जेठी श्रीमतिलाई हेप्ने, वास्ता नगर्नाले परिवारमा झै-झगडा हुने गर्दछ भनी बताए । आर्थिक बोझ बढेर जान्छ । कान्छी विवाह गरेपछि उबाट जन्मने सन्तानलाई खान लाउन दिनु पर्छ ।

वहु विवाह गर्ने श्रीमान/श्रीमतिलाई 'गुमस्ता' ले दण्डीत गर्ने गर्दछ । यदि समाजको सामाजिक नियम कानुन नमानेमा समाजबाट नै ऊ वहिस्कृत हुने बताए । यस्तो व्यक्तिलाई उनीहरुको विभिन्न उत्सवहरुमा वोलाउँदैनन् र जादैनन् । यसरी समाजले नबोलाए पछि ऊ एक्लो हुन्छ । ऊ आफ्नो समाजबाट नै वहिस्कृत हुने गर्दछ । यदि कसैले वहु विवाह गरेमा ऊ पुनः समाजमा फर्कन भोज भतेर गर्नु पर्ने हुन्छ । दण्ड-जरिवाना तिर्नु पर्ने हुन्छ । जसको डरले यो प्रथा आहिले आएर हराउँदै गएको बताए ।

### ५.४.८ यदि केदिया अरमत बाप्ला (जारी विवाह)

यदि केदिया अरमत बाप्लालाई जारी विवाह भनिन्छ । आफ्नी श्रीमति हुँदा हुँदै अर्काकी श्रीमति भगाएर विवाह गर्नु र पहिलेको लोग्नेलाई स्वास्नी भगाए वापत जार तिर्नुलाई जारी विवाह भनिन्छ । यस्तो विवाहमा माझी हडामको अगाढी स्वास्नी लगेवापत उसले भने जति जार (पैसा) तिर्नु पर्छ । यसरी जार तिरेर राखेकी स्वास्नी पुनः तेस्रोसँग विवाह गरेमा त्यो श्रीमाने आफूले तिरेको रकमको दोब्बर जार लिन पाउने अनौठो संस्कार रहेको अध्ययनका क्रममा पाइयो । एक यूवतिले भनिन्

यस्तो विवाह गर्नु राम्रो होइन । अर्काको परिवार विगारेर के पाउने । यो विवाह गर्नेलाई दण्ड-जरिवाना गर्नु पर्छ । यस्तो विवाहबाट समाजमा पुनः फर्कन समाजमा भोज खुवाउने गर्नु पर्छ । समाजले तोकेको जरिवाना रुपैया पैसा तिर्नु पर्छ भनी एक सतारले बताए । यो विवाहको प्रचलन हराएर जानुमा सामाजिक रुपमा अस्वीकार, दण्डनीय, पारीवारिक विचलनले गर्दा हो भनी भन्न सकिन्छ । यदि यस्तो विवाह गरेमा सतार समाजको राजनैतिक व्यवस्था 'गुमस्ता' लगायत गाउँका अन्य व्यक्तिले दण्डित गर्ने र आवश्यक जरिवाना समेत गर्ने बताए ।

जारी विवाहलाई अस्विकार गर्नुमा सतार समूदायका लुखिराम मुर्मु भन्छन् - कसैको परिवार विगारेर के गर्नु । यदि कसैले अर्काकी श्रीमति भगाएर विवाह गर्छ भने उसलाई हाम्रो समूदायबाट नै पूर्ण रुपमा अस्विकार गरिन्छ । यस्तो विवाहले परिवारमात्र होइन सम्पूर्ण समूदायमा नै नराम्रो असर पर्छ । यदि एकले यस्तो विवाह गरेमा उसलाई केहि गरेन भने पुनः अरुले पनि यस्तो गरेमा गाउँ नै नराम्रो हुन्छ । कसैको पनि परिवार राम्रोसँग रहन सक्दैन । त्यसैले यस्तो विवाहलाई हाम्रो समूदायले अस्विकार गर्ने बताए । यस्तो विवाह गर्नेलाई सतार समूदायको राजनैतिक व्यवस्था 'गुमस्ता' लगायत गाउँका व्यक्ति भेला भएर सम्वन्धित व्यक्तिलाई दण्डित गर्ने, उसलाई गाउँबाट नै निकाला गर्ने बताए । उसलाई पुनः समाजमा घुलमिल हुन उसले समाजलाई भोज खुवाउनु पर्छ र दण्ड स्वरुप रुपैया पैसा तिरे पछि पुन ऊ समाजमा घुलमिल हुने व्यवस्था रहेको छ ।

### ५.४.९ अपाङ्ग गीर बाप्ला (प्रेम विवाह)

अपाङ्ग गीर बाप्लालाई प्रेम विवाह भनिन्छ । प्रेम विवाह सतार समूदायमा स्वीकार्य भएको कुरा यहाँका सतारहरुले बताए । कुनै केटाले कुनै केटीलाई मन पराएर भगाएर गरिने विवाह प्रेम विवाह हो भन्दछन् । यस विवाहमा केटा केटी मन पराएर भागे पछि केहि दिनमा छोरी फिर्ता लाने र केटा तर्फबाट केही रुपैयाका साथ मासु, जाड, रक्सी आदि उपहार लिई केटीका वावु आमाका घरमा गई केटी लिएर आउने र यो विवाहमा भोज भतेर गरी सम्पन्न गर्ने बताए । यो विवाह त्यति झन्झटिलो नभएको यहाँका स्थानियहरुले बताए । यो विवाहको  प्रचलन सतार समुदायमा बढ्दै गएको पाइयो।

प्रेम विवाह बढ्नुको कारणमा शहर विस्तारलाई पनि सतारहरु एक मान्दछन् । शहर विस्तार भएपछि त्यहाँ सतार यूवा-यूवति काम गर्न जान थाले, उनीहरुबिच काममा जाने शिलशिलामा गफ-गाफ हुन थाल्यो । यसले उनीहरुमा एक अर्का प्रति आकर्षित हुन थाले । यसले गर्दा प्रेम विवाह बढेर गएको बताउँछन् । अध्ययनका क्रममा शहरीकरणको साथ- साथै प्रेम कथामा आधारित चलचित्रले गर्दा पनि प्रेम विवाह बढेको कुरा यहाँका यूवाहरु वताउँछन् । चलचित्रमा देखाएका प्रेममय दृष्यहरुबाट पनि प्रेमतिर आकर्षित भएको कुरा यूवायूवतिहरु बताउँछन् । हाम्रो वावु-वाजेहरुले ९/१० वर्षको उमेरमा विवाह गर्थे तर अहिले आएर केटा-केटीको उमेर १८/२० वर्ष भएपछि विवाह गर्नुले पनि अहिलेका युवा-युवतिहरु प्रेम विवाह तिर आकर्षित भएको बताउँछन् ।

CASE : यस कुरालाई प्रमाणले पनि स्पष्ट पार्दछ ।

वावुलाल मर्दी एक घर बनाउने काम गर्थे । उनी घर बनाउन विर्तामोड शहरमा जान्थे । उनी घर बनाउने ठाउँमा उसा मुर्मु पनि काम गर्न आउँथिन् । यसरी यी दुई जनाको भेट काम गर्ने शिलशिलामा भयो । यी दुई एक अर्कामा आकर्षित भए र वावुलालले उसालाई प्रेम प्रस्ताव राख्यो । उसाले वावुलालको प्रस्तावलाई स्वीकार गरीन् । यसरी यी दुई जना प्रेम गर्न थाले । प्रेम गरेको एक बर्षपछी उनिहरु भागे । उनिहरु भागेको कुरा केटा र केटी दुवै तर्फकाले थाहा पाए । केहि दिनमा केटा र केटी दुवैलाई घरमा बोलाइयो । यी दुवै केटाको घरमा गए । उनीहरु आएको केहि दिनमा केटी पक्षले केटीलाई आफ्नो घरमा लगे । त्यसपछि केटा पक्षबाट केही रुपीयाका साथ मासु, जाड-रक्सी आदि उपहार लिई केटीका वावु- आमाको घरमा लागे र यी दुईको विवाह गरि दिए । यसरी वावुलाल र उसाको प्रेम विवाह भएको कुरा यहाँका एक सतार होप्ना टुडुले बताए ।

### ५.४.१० खाङ्या बाप्ला (विधवा वा विदुर विवाह)

विधवा वा विदुर विवाहलाई सतार समूदायमा मान्यता दिएको बताए । विधवा आइमाइलाई कुनै केटाले मन पराएमा उसले घरजम गर्न सक्ने व्यवस्था भएको कुरा यहाँका सतारहरुले बताए । विदुर केटाले पनि विवाह गर्नु समाजले स्वीकार्य ठान्दछन् । विधवा भन्दा विदुर केटालाई विवाह गर्न सहज र सजिलो हुने यहाँका सतारहरुले बताए । यो हुनुमा यो समाज पितृसतात्मक भएकाले

गर्दा हो भन्न सकिन्छ । यस्तो विवाहबाट जन्मीएका छोराछोरीलाई सामाजिक रुपमा समेत स्वीकार गर्ने बताए ।

यो विवाहलाई मान्यता दिए पनि यूवाहरुले विधवा विवाह गर्न नमान्ने र केटी नै विवाह गर्ने भएकाले यो विवाहको प्रचलन यस समाजमा कम मात्र हुने यहाँका सतारहरुले बताए । तर विदुरले भने केटी मागेर नै विवाह गर्न सक्ने व्यवस्था रहेको बताए । विधवालाई केटाहरुले मन नपराउने, उनले आफ्नो कुरा खुलस्त राख्न नसक्नाले विधवालाई पुनः अर्को विवाह गर्न अफठ्यारो परेको कुरा यहाँका सतारहरुले बताए । यदि विधवा र विदुर छन् भने उनीहरुको विवाह हुन सक्ने व्यवस्था रहेको यहाँका सतारहरुले बताए ।


### **५.४.११ होलि बाप्ला (भाउजु विवाह)**

भाउजु विवाहलाई सतार समूदायमा मान्यता दिएको कुरा यहाँका सतारहरुले बताए । यदि दाजुको मृत्यु भएमा देवरले समाजको स्वीकृति लिएर भाउजुलाई विवाह गरी आफ्नो श्रीमति बनाउन सक्ने प्रचलन रहेको कुरा यहाँका सतारहरुले बताए । उसलाई सामाजिक रुपमा स्वीकृति दिएको हुन्छ । समाजमा उसलाई अरु सरह मान्यता दिने गरिन्छ । यो प्रचलन पहिला भए पनि अहिले हराउदै गएको बताए । यो प्रचलन हराउनुमा भाउनु आदरणीय व्यक्ति ठान्नु हो । यो वाह्य संस्कृतिको प्रभाव हो भन्न सकिन्छ ।

अध्ययन क्षेत्रमा निम्न प्रकारका विवाह निम्न अनुसारको संख्यामा पाइयो ।

तालिका नं. ३ : विवाहका प्रकार र संख्या

| विवाहका प्रकार | विवाहको संख्या | प्रतिशत |
|---|---|---|
| किरिन बाहु बाप्ला | १७ | ३२.६९ |
| टुकी दिपाल बाप्ला | ४ | ७.६९ |
| घर दी ज्वाई बाप्ला | १ | १.९२ |
| गोलार बाप्ला | २ | ३.८५ |
| निरबोलक बाप्ला | १ | १.९२ |
| इटुक बाप्ला | २ | ३.८५ |
| हिरोन चेतन बाप्ला | २ | ३.८५ |
| यदि केदिया अरमत बाप्ला | १ | १.९२ |
| अपाङ्ग गीर बाप्ला | २० | ३८.४६ |
| खाड्या बाप्ला | १ | १.९२ |
| होली बाप्ला | १ | १.९२ |
| जम्मा | ५२ | १००.०० |



कार्य क्षेत्र अध्ययनमा मागी विवाह १७, कम खर्चिलो विवाह ४, घरज्वाईं विवाह १, साटासाट विवाह २, केटीको इच्छा अनुसारको विवाह १, केटाको इच्छा अनुसारको विवाह २, बहुविवाह २, जारी विवाह १, प्रेम विवाह २०, विदुर-विधुवा विवाह १ र भाउजु विवाह १ गरी जम्मा ५२ विवाह रहेको छ ।


## ५.५ विवाहको उमेरमा परिवर्तन

हरेक समाजमा कुन उमेरमा विवाह गर्ने भन्ने कुरा समाजको आ-आफ्नो मान्यता रहेको हुन्छ । समाजशास्त्री तथा मानवशास्त्रीहरुले यसलाई घरपरिवार विकास चक्रको एउटा महत्वपूर्ण प्रकृयाको रुपमा व्याख्या गरेको पाइन्छ । यसले जन्मदरका साथै श्रमलाई प्रभाव पार्दछ । सतार जातिमा पनि कुन उमेरमा विवाह गर्ने भन्ने कुराको आफ्नै किसिमको मान्यता पाइन्छ । बुढापाकाका अनुसार सतार समुदायमा छोरा १४/१५ वर्ष लागेपछि छोराकोलागि बुहारी खोज्न सतार बाबुआमा तम्सिन्थे । अहिले समयको परिवर्तनसँगै अलिक ढिलो र आफ्नो राजीखुशीमा विवाह गर्न थालेको अध्ययनको क्रममा थाहा पाइयो । यस समुदायमा पहिला मागि विवाह र चोरी विवाह गर्ने गरेको बताइन्छ भने अहिले मागी विवाह र प्रेम विवाह बढ्दै गएको अध्ययनको क्रममा थाहा पाइयो । तालिका ४ ले दश वर्ष अघिको सतार जातिको विवाह र हालको विवाहलाई देखाइएको छ ।

तालिका नं. ४ : दश वर्ष अघि विवाह गर्ने र हाल विवाह गर्नेको संख्या

| उमेर | दश वर्ष पहिला विवाह गर्नेको संख्या | | | | दश वर्ष यता विवाह गर्नेको संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | प्रतिशत | महिला | पुरुष | जम्मा | प्रतिशत |
| १०-१४ | ६ | ३ | ९ | १३.६४ | १ | ० | १ | २.८६ |
| १५-१९ | १८ | ११ | २९ | ४३.९४ | ४ | २ | ६ | १७.१४ |
| २०-२४ | ७ | १० | १७ | २५.७६ | ७ | ७ | १४ | ४०.०० |
| २५-२९ | २ | ४ | ६ | ९.०९ | ४ | ६ | १० | २८.५७ |
| ३०-३४ | १ | २ | ३ | ४.५५ | १ | २ | ३ | ८.५७ |
| ३५-माथि | ० | २ | २ | ३.०३ | ० | १ | १ | २.८६ |
| जम्मा | ३४ | ३२ | ६६ | १००.०० | १७ | १८ | ३५ | १००.०० |

श्रोत : कार्यक्षेत्र अध्ययन, २०७४




तालिका ४ अनसार आज भन्दा दश वर्ष पहिला १०-१९ उमेर समुह बीच विवाह गर्नेको संख्या ५७.५८ प्रतिशत रहेको थियो । तर अहिले त्यसमा परिवर्तन आई २०.०० प्रतिशत मात्र रहेको अध्ययनको क्रममा पाइयो । यिनीहरु बीचको अन्तर ३७.५८ प्रतिशत रहेको थियो । त्यस्तै दश वर्ष पहिला २० देखि माथि उमेर समुहको विवाह गर्नेको संख्या ४२.४२ प्रतिशत रहेको थियो भने हाल ३७.५८ ले बढेर ६४.७९ प्रतिशत पुगेको पाइयो ।

यसरी सतार  समुदायमा विवाह गर्ने उमेरमा आएको परिवर्तनको मूख्य कारण अहिले मैले अध्ययन गरेको क्षेत्रमा सतार  समुदायका युवाहरु स्कुल र कलेज पढ्न गएको पाइयो । स्कूल र कलेजको पाठ्यक्रमले उनीहरुमा आधुनिक सोंचहरु जस्तैः कम उमेरमा विवाह गर्नु हुदैन, कम उमेरमा विवाह गर्दा हुने आर्थिक समस्या, पारिवारिक समस्या, शैक्षिक समस्या आदिका बारेमा चेतना अभिवृद्धि गरेको पाइयो । यसै गरी अध्ययन क्षेत्रका सतार  समुदाय पनि आधुनिक समय, यातायात कुराबाट प्रभावित भएको देखिन्छ । प्रायः सबै सतार हरुमा सानो उमेरमा विवाह गर्नुहुदैन भन्ने मानसिकता क्रमिक रुपमा बढ्दै गएको पाइयो । केही उत्तरदाताहरुले अन्य जातिको घुलमिल सँगै उनीहरुले पनि १४/१५ वर्षको उमेरमा विवाह गर्ने चलन छोड्दै ढिलो उमेरमा (२३/२४ बर्ष)  विवाह गर्न थालेको बताए ।


### ५.६ अन्तरजातिय विवाह

सतार समुदायमा समयको परिवर्तनसँगै अन्तरजातीय विवाह गर्ने चलन बढ्दै गएको देखिएको छ । सतार जाति वाहेक अन्य जातको केटीलाई सतार केटा र सतार केटीले अन्य जातको केटालाई मन पराएर विवाह गर्ने चलनलाई अन्तर जातिय विवाह भनिने रहेछ। अन्तरजातिय विवाहमा तल्लो जातको केटी सँग विवाह भयो भने त्यसलाई अस्वीकार गर्ने तर आफ्नो जात भन्दा माथिल्लो जातको केटी सँग विवाह भयो भने उक्त विवाहलाई स्वीकार गरी आफ्नो जातमा भित्राउने चलन रहेको अध्ययनको क्रममा पाइयो । सतार जातिमा हुने सबै अन्तरजातिय विवाहहरु प्रेम विवाह भएको पाइयो। विर्तामोड वडा न. ७ को अध्ययन क्षेत्रमा परेका घरपरिवार मध्ये जम्मा २० जनाले प्रेम विवाह गरेका थिए जसमध्ये १२ जना अर्थात ६० प्रतिशतले सजातिय र ८ जना अर्थात ४० प्रतिशतले अन्तरजातिय विवाह गरेका थिए । यसरी हेर्दा प्रेम विवाह गर्नेको ठुलो हिस्साले अन्तरजातीय विवाह गर्नाको कारण वहिरी रोजगारी, समाजमा अन्य जातजतिसंगको घुलमिल, सास्कृतिक आदान प्रदान र शिक्षा तथा चेतनाको स्तरमा आएको परिवर्तन रहेको यँहाका सतारहरु बताउछन् । अन्तरजातीय विवाहले पनि समाजमा विचलन ल्याएको हुन्छ तर त्यसलाई सन्तुलन ल्याउन माझीहडमहरुले गाउँका सबै मानिसहरुलाई भेला गरी दाल, भात, रक्सी र मासु भोज गरि फेरी आफ्नो जातमा भित्र्याउने गर्दछन् ।

तालिका नं. ५ : प्रेम विवाह गर्ने मध्ये सजातिय र अन्तरजातिय विवाहको विवरण

| प्रेम विवाह | संख्या | प्रतिशत |
|---|---|---|
| सजातिय | १२ | ६० |
| अन्तरजातिय | ८ | ४० |
| जम्मा | २० | १०० |

श्रोत : कार्यक्षेत्र अध्ययन, २०७४




## ५.७ बेहुलाको पहिरन

तराईको गर्मी क्षेत्रमा वसोवास गर्ने भएकाले यहाँको हावापानी अनुसार सतार पुरुषहरुले पातलो धोती, गञ्जि, कछाड, लगौटी, गाम्चा लगाउने गरेको बताए । घरमा बस्दा धेरै जसो कछाड, गाम्छा बेर्ने र बाहिर हिडडुल गर्दा बुढापाकाले कमेज, सेतो धोटी लाउने र युवाहरुले प्यान्ट सर्ट लगाउने गरेको पाइयो । सतारहरुले उनीहरुको पहिरनलाई 'पंचि' भन्ने बताए । पहिला पहिला विवाहमा बेहुलाले सर्ट र धोती लगाउंथे तर अहिले भने सर्ट पाइन्ट लाउन थालेको बताए । उनीहरुको भाषामा यो पहिरनलाई 'ससाङ धोती' भन्ने गरीन्छ ।

## ५.८ बेहुलीको पहिरन

सतार महिलाहरु आफ्नो पहिरनमा चोलो, लुङ्गी, साडी, म्याक्सी लगाउने गर्दछन । लुङ्गी, साडी चार बुट्टी भएको हुन्छ भने चोलो हरियो, पहेंलो, निलो रङको लगाउने गर्दछन । उनीहरु विवाह गर्दा विचमा सेतो, साधा र चेकमा पहेंलो भएको साडी लाउने र चोलोमा हरियो, पहेंलो, निलो रङको लाउने गर्दछन भने  खुट्टामा कल्ली, चप्पल लाउने गरेको बताए ।

## ५.९ गर - गहना

सतार महिलाहरु लामो कपाल पाल्ने र पछाडी जुरो बाट्ने गर्दछन । जुरोमा काटा, फुल लाउने र तोरी, नरिवर जस्ता तेल कपालमा लाउने र  कोर्ने बताए । सतार स्त्रीहरु खुट्टामा कल्ली, पाउजु, घांटीमा चाँदिको सिक्री, कानमा मुन्द्रा, हातमा बजारे औंठी, काच, लगाउने  गर्दछन । टीका, गाजल, लिविष्टीक, पाउडरको पनि प्रयोग गर्ने बताए ।

## ५.१० सतार समूदायमा अन्य पक्षमा आएको परिवर्तन

सतार समूदायको विवाहमा परिवर्तन आउनुका साथै यिनीहरुको विवाहको पहिरन, गर-गहना, विवाह गर्ने उमेर, बेहुला-बेहली छान्ने प्रक्रिया, आफैले केटा केटी रोज्ने प्रक्रिया, खर्च, भोज भतेर, रीत-दस्तुर, दाइजो दिने प्रचलनमा क्रमश परिवर्तन आइरहेको बताए ।

## ५.११  बेहुला-बेहुली छान्ने अधिकारमा आएको परिवर्तन

बेहुला बेहुली छान्ने प्रक्रियामा परिवर्तन आएको कुरा यहाँका सतारहरुले बताए । वुढापाकाका अनुसार उनीहरुको विवाह गर्दा केटा-केटी छान्न पाइने थिएन । वावुले वा परिवारका सदस्यले छानेको केटा वा केटीलाई नै विवाह गर्नु पर्दथ्यो । तर हाल आएर यस्तो परम्परा हराएर गएको कुरा बुढा- पाका, युवा-युवतीले बताए । अहिले आएर केटा र केटीलाई भेटघाट गराउने, मन परे नपरेको सोध्ने, दुवै राजी भए मात्र विवाहको कुरा अघि बढाउने र विवाह गर्ने बताए । झन् आज भोलि केटा-केटी एक आपसमा विवाह अघि नै मन परापर गरी सकेका हुन्छन् र उनीहरुको विवाह एक आपसमा हुने गर्दछ । यो परिवर्तन आउनुको कारणमा वाह्य संस्कृतिको प्रभाव, चेतनास्तरमा आएको परिवर्तन, शहरीकरण तथा आधुनिकीकरणले हो भन्न सकिन्छ ।

## ५.१२  दाइजो प्रथामा आएको परिवर्तन

सतार समूदायको विवाह प्रथामा लगभग २/४ दशक पहिले दाइजो दिने प्रचलन नरहेको तर आज भोलिका विवाहमा यो प्रथा प्रचलनमा आएको कुरा सतारहरुले बताए । यस्तो दाइजो दिने सर-सामानमा गाई, ओछ्यान, खाट, लुगाफाटा, चाँदीका गर गहना, भाडा- कुडा, चामल जस्ता सामन

रहेको बताए । यस्तो परिवर्तन आउनुको कारणमा अन्य संस्कृतिको प्रभाव, वदलिदो परिवेश, छोरीको घर व्यवहारमा सहयोग मिलोस भनेर यो प्रथा अवलम्वन गर्ने गरेको बताए ।

# अध्याय छ : सारांश र निष्कर्ष

## ६.१ सारांश

यो अनुसन्धान "सतार समुदायको विवाह संथामा आएको परिर्वतनको एक समाज शास्त्रिय अध्ययन हो। सतार समूदायले परम्परागत विवाह कसरी गर्दथे र आधुनिक विवाह कसरी गर्दा रहेछन् त्यसको अध्ययन गरिएको छ। यिनीहरुको विवाहमा के कसरी परिवर्तन आयो, परिर्वतन आउनाका कारणहरु खोज्ने प्रयास गरिएको छ। सतार समूदायको विवाहमा राजनैतिक, सांस्कृतिक, सामजिक पक्ष कस्तो रहेको छ, त्यसलाई अध्ययन गरिएको छ।

सतार समूदायको विवाहलाई यस अनुसन्धानमा संरचनात्मक प्रकार्यवादबाट हेरिएको छ। सतार समूदायको विवाहबाट उनीहरुको समूदाय कसरी चलेको छ। विवाहले सतार समूदायको प्रकार्य कसरी गर्दछ भन्ने कुरालाई अध्ययन गरिएको छ। विवाहबाट एउटा परिवारको निर्माण हुने, त्यो परिवारहरुबाट एउटा सतार समूदायको निर्माण हुने गर्दछ र तीनिहरुले आफ्नो समूदायलाई बचाउन आ-आफ्नो ठाउँबाट कामहरु गर्ने र ति कामहरुले एउटा सतार समूदायलाई अघि बढाउन सहयोग गर्ने र सतार समूदाय निरन्तर रुपमा अघि बढ्ने गर्दछ। जसले प्रकार्यात्मक एकता कामय गर्ने गर्दछ।

विभिन्न इकाइहरु विचको प्रकार्यात्मक एकतालाई संरचनात्मक प्रकार्यात्मक उपागमले जोड दिन्छ। विवाहमा धर्मले प्रकार्यात्मक एकता कायम गरेको हुन्छ। विवाहमा ठाकुरजी देवता, मराङ देवता, जोहर एरा देवता आदिको पूजा गर्ने गर्दछन्। ठाकुरजी देवतालाई सृष्टिकर्ताको रुपमा; मराङ देवतालाई गाउँमा दुःख कष्ट नआओस्, जोहर एरा देवतालाई सतार समूदायमा घटेका घटनाहरुको समाचार पुऱ्याउने देवताको रुपमा पूजा गर्ने गर्दछन् विवाहमा वेहुला-वेहुलीले माझी थानमा गई देवि देवताको पूजा गर्ने र आर्शिवाद माग्ने गर्दछन्। जसले उनीहरुको वैवाहिक जीवन सफल रहोस् भन्ने विश्वास गरिन्छ।

सतार समूदायको आफ्नै राजनैतिक व्यवस्था रहेको छ। जसले सतार समूदायको प्रकार्यात्मक एकता कायम गराउने काम गरेको हुन्छ। उनीहरुको राजनैतिक व्यवस्थामा मुख्य व्यक्ति माझी हडाम हुने व्यवस्था रहेको छ। उसले सम्पूर्ण सतार समूदायको निर्णयको भूमीका खेलेको हुन्छ। उसले दिएको निर्णय नै सवैले मान्ने गर्दछन्। उसले विवाहमा नव विवाहितलाई आर्शिवाद दिने गर्दछ। जगमाझीले माझीहडामको अनुपस्थितिमा झै-झगडा, समस्यालाई मिलाउने काम गर्दछ। नाइकेले सामूहिक चाड पर्वमा पूजा गर्ने, वलि दिने काम गर्ने, विवाहमा जन्तिहरुलाई स्वागत गर्ने गर्दछ। गुडितले गाउँमा भएको घटनाको घर घरमा खवर पुऱ्याउने काम गर्दछ। राइवर वुढाले विवाहमा 'लमी' को काम गर्दछ। यसरी सतार समूदायमा आफ्नो समूदाय चलाउन 'राजनैतिक व्यवस्था गुमस्ता' को निर्माण गरिएको हुन्छ। जसले आफ्नो भूमीका निभाएर आफ्नो समूदायलाई अघि बढाएको हुन्छ।

सतार समूदायमा कुनै पनि झै-झगडा, समस्या आएमा उनीहरुको राजनैतिक व्यवस्था 'गुमस्ता' ले कारवाहि गर्दछ। जस्तै कुनै केटाले अन्तरजातिय विवाह गरेमा उसलाई उनीहरुको 'गुमस्ता' ले गाउँ निकाला गर्दछ र उसलाई पुनः समाजमा भित्राउन उसले समाजलाई भोज खुवाउनु पर्दछ र 'गुमस्ता' ले तोकेको जरिवाना तिर्नु पर्दछ र फेरी समाजमा घुलमिल हुन्छ। यदि आफ्नो समाजमा कसैले कुनै नराम्रो काम गरेमा उनीहरुकै राजनैतिक व्यवस्था 'गुमस्ता' लगायत गाउँका व्यक्तिहरु भेला भएर आवश्यक कारवाहि गर्ने गर्दछन्। उनीहरुमा सानाले ठूलालाई गर्ने व्यवहार; ठूलाले सानालाई गर्नै व्यवहार आफ्नै मूल्य मान्यतामा रहेको छ। उनीहरुमा एकले अर्कालाई गर्ने व्यवहार अनुशासित रुपको रहेको छ। उनीहरुको गाउँमा झै-झगडा भएमा उनीहरुकै समूदायमा मिलाउने प्रचलन रहेको छ।

यसरी सतार समूदायको सामाजिक मूल्य मान्यता आफ्नै नीति नियममा रहेको छ। उनीहरु अहिलेको शहरीकरण, आधुनिकीकरण, भौतिक विकास, शिक्षा क्षेत्रमा भएको चेतनाको विकास आदिसँगै परिवर्तन हुदैं गएपनि आफ्नो परम्परागत मौलिक संस्कृतिलाई भने जोगाउन सफल भएको देखिन्छ।

## ६.२ निष्कर्ष

यस क्षेत्रका सतारहरूको विभिन्न किसिमका विवाहप्रति आकर्षण बढ्दै गएको पाइन्छ । जस्तै प्रेम विवाह प्रतिको आकर्षण पनि दिन प्रतिदिन बढ्दै गएको पाइएको छ । प्रेम विवाह गर्न चाहानेले अभिभावकको सहमतिमा मागी विवाह सरह नै विवाह गर्न थालेका छन् । सर्वेक्षण अनुसार समाजमा प्रेम विवाहलाई ४४ प्रतिशत ले राम्रो दृष्टिकोणले हेरेको, २० प्रतिशतले नराम्रो दृष्टिकोणले हेरेको र ३६ प्रतिशतले ठीकै हो भनेको तथ्यले विवाह संस्कारमा आगामी दिनमा थप परिस्कृत हुने अनुमान लगाउन सकिन्छ ।

अनुसन्धानको क्रममा सतार जातिहरूको विवाह संस्कारको स्वरूपमा आधुनिकीकरणले गर्दा धेरै परिवर्तन आएको पाइयो । विवाह संस्कारमा आधुनिकीकरणले पारेको असरको पक्षहरूमा सवैभन्दा बढि शिक्षाका कारण नै पाइयो । त्यस अनुरूप यिनीहरूले पनि लेख्न, पढ्न नयाँ वातावरणमा आफूलाई उभ्याउन थालेका छन् । विद्या आर्जन गर्नको लागि कतिपय युवाहरू शहर, विदेश पुगिसकेका छन् । यी सवै कारणले गर्दा आफ्नो परम्परागत विवाह संस्कारलाई छोट्याउतर्फ लागेको पाइयो ।

यस क्षेत्रका सतारहरूले विवाह गर्दा ५ पुस्ता सम्ममा नाता केलाएर मात्र विवाह गर्दछन् । यदि कसैले नातामा विवाह गरेमा यिनीहरूले बहिस्कार गर्ने उनीहरूको संस्कारमा भएपनि हाल विधानले तोकेको दस्तुर तिर्नुपर्ने उल्लेख गरेको पाइयो । अध्ययनको क्रममा विवाह गर्दा केटाकेटीको उमेरलाई पनि यिनीहरूले महत्व दिने गरेका छन् । विगतमा विवाह गर्ने सतार केटाको उमेर केटीको भन्दा निकै बढि हुने गर्दथ्यो । हाल पुरुष र महिलाको विवाह गर्ने उमेरको अन्तर कम हुंदै गइको पाइयो।

# परिशिष्ट १

## घरधुरी सर्वेक्षण उत्तरदाताको विवरण

१ परिचयात्मक खण्ड :

उत्तरदाताकोनामः................................ पुरुषः ☐ महिलाः ☐

परिवारमुलीको नाम : ............................... पुरुष : ☐ महिला : ☐

जाति :....................................... धर्म : .......................................

जिल्लाः ............................. नगरपालिका : .................. वडा नं : ..........

टोल : .......... ............................... वसोवास गरेको समय : ...................

| क्र.स. | सदस्यको नाम | उत्तरदाता सँगको सम्वन्ध | लिङ्ग | उमेर बर्ष ( पुरा भएको ) | शिक्षा ( पुरा गरेको ) | (विवाहित भए) विवाहको किसिम | विवाह गर्दाको उमेर ( पुरा भएको ) | विवाहको किसिम | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | सजातिय | अन्तरजातिय |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

२) तपाइको मुख्य पेशा के हो ?

क) कृषि    ख) व्यापार    ग) ज्यालादारी    घ) अन्य...........................

३) छरछिमेकमा आर्थिक लेनदेन सम्बन्धि कारोबार गर्नुपरेमा कसले गर्दछ।

क) महिलाले    ख) पुरुषले    ग) दुबैले

४) बजारमा सामाग्री खरिद विक्रि गर्न को जानु हुन्छ ?

क) महिला    ख) पुरुष    ग) दुबै

५) तपाई कुन धर्म मान्नु हुन्छ ?

क) हिन्दु    ख) मुस्लिम    ग) बौद्ध    घ) अन्य ..................

६) तपाइको समाजमा प्रचलित विवाह पद्धति कुन हो ?

क) मागी    ख) प्रेम    ग) भागी

घ) कम खर्चिलो    ङ) अन्य..............................

७) तपाइको समाजमा झै झगडा हुँदा के कसरी सामधान गर्नुहुन्छ ?

..........................................................................................................

८) मागि विवाहमा को मार्फत र कसरी कुरा चलाइन्छ ?

..........................................................................................................

९) फुलमाला गर्नु हुन्छ ?गर्नु हुन्छभने कसरी ?यसमा रीत के के लानु पर्छ ?

..........................................................................................................

१०) विवाहको मिति कसरी तोकिन्छ ?

..........................................................................................................

११) आफन्तलाई निम्तो कसरी गर्नुहुन्छ ?

..........................................................................................................

१२) विवाह कति दिनमा सम्पन्न गरिन्छ ?

..........................................................................................................

१३) विवाहमा के के भोज खुवाइन्छ ?

…………………………………………………………………………………………………………

१४) विवाहमा पहिले भन्दा अहिले परिवर्तन आएको छ ? छ भने कस्ता ?

…………………………………………………………………………………………………………

१५) परिवर्तन के कारणले भएको हो ?

…………………………………………………………………………………………………………

१६) कम खर्चिलो विवाह कसरी गर्नुहुन्छ ?

…………………………………………………………………………………………………………

१७) तपाइको समाजमा घर ज्वाई विवाह कसरी किन गरिन्छ ?

…………………………………………………………………………………………………………

१८) तपाइको समाजमा साटा-साट विवाह कस्तो अवस्थामा गर्नुहुन्छ ? किन ?

…………………………………………………………………………………………………………

१९) तपाइको समाजमा केटीको इच्छा अनुसार विवाह कसरी गरिन्छ ?

…………………………………………………………………………………………………………

२०) यस्तो विवाहलाई समाजले कसरी हेर्ने गर्दछ ?

…………………………………………………………………………………………………………

२१) तपाइको समाजमा केटाको इच्छा अनुसार विवाह कसरी गरिन्छ ?

…………………………………………………………………………………………………………

२२) यस्तो विवाहलाई समाजले कसरी हेर्छ ?

…………………………………………………………………………………………………………

२३) तपाइको समाजमा वहु विवाह प्रचलन छ कि छैन ?यस्तो विवाहलाई समाजले कसरी हेर्छ ?

…………………………………………………………………………………………………………

२४) यस्तो विवाह कस्तो अवस्थामा गरिन्छ ? किन ?

…………………………………………………………………………………………………………

२५) तपाइको समाजमा जारी विवाहकोप्रचलन छ कि छैन?

…………………………………………………………………………………………………………

२६) यस्तो विवाह गरे के जार तिर्नु पर्छ ?

……………………………………………………………………………………………………

२७) जारी विवाहलाई समाजले कसरी हेर्ने गर्दछ ?

……………………………………………………………………………………………………

२८) तपाइको समाजमा प्रेम विवाह प्रचलन छ कि छैन?

……………………………………………………………………………………………………

२९) प्रेम विवाहलाई समाजले कसरी हेर्ने गर्दछ ?

……………………………………………………………………………………………………

३०) तपाइको समाजमा विधवा र विदुर विवाहको प्रचलन छ कि छैन ? छ भने कस्तो अवस्थामा गर्नुहुन्छ ?

……………………………………………………………………………………………………

३१) यस्तो विवाहलाई समाजले कसरी हेर्ने गर्दछ ?

……………………………………………………………………………………………………

३२) तपाइको विचारमा विधवा विवाह ठीक हो कि होइन ?

……………………………………………………………………………………………………

३३) तपाइको समाजमा भाउनु विवाह प्रचलनमा छ कि छैन ?भाउजु विवाह कस्तो अवस्थामा गर्नु हुन्छ ?

……………………………………………………………………………………………………

३४) भाउजु विवाहलाई समाजले स्वीकार गर्छ कि गर्दैन ?

……………………………………………………………………………………………………

## सन्दर्भग्रन्थ सूची


अर्याल, भोजेन्द्र, (२०६८), *लैङ्गिक तथा महिलावादी अध्ययन,* किर्तिपुर, काठमाण्डौंः ज्ञानकुञ्ज प्रकाशन ।

कट्टेल, मदन प्रसाद, (२०४२), *सतार संस्कार एक चिनारी,* अप्रकाशित शोधग्रन्थ ।

केन्द्रीय तथ्याङ्क विभाग, (२०६८),*जातजातिको जनसंख्या,* थापाथली, काठमाडौंः केन्द्रीय तथ्याङ्क विभाग ।

गौतम, हरि, (२०६७), *झापा दिग्दर्शन,* झापाः ओरिएन्टल प्रकाशन ।

दहाल, चिन्तामणि, (२०५०),*सतार जाति र तिनीहरुको सांस्कृतिक स्वरुप,* अप्रकाशित शोधग्रन्थ ।

पन्त, शास्त्रदत्त, (२०४१), *झापाका आदिवासी,* पुल्चोक, ललितपुरः साझा प्रकाशन ।

भट्टराई, ज्ञानेश्वर, (२०७३), *प्रशासनिक अभिरुचि परीक्षण,* बागबजार, काठमाण्डौंः आशिष बुक हाउस ।

राष्ट्रिय आदिवासी जनजाति महासघं, (२०५०), *सन्थाल जातिको एक परिचय,* कुशुन्ती, ललितपुरः अन्ना बुक लेण्ड ।

रेग्मी, ऋषी केशबराज, (२०३५), *एक स्रोत तीन धारा,* पुल्चोक, ललितपुरः साझा प्रकाशन ।

विष्ट, डोर बहादुर, (२०३०), *सबै जातको फूलवारी,* पुल्चोक, ललितपुरः साझा प्रकाशन ।

सुचना तथा सञ्चार मन्त्रालय, (२०३१), *मेचीदेखि महाकाली,* सिंहदरबार, काठमाडौंः सुचना तथा सञ्चार मन्त्रालय।

सुचना तथा सञ्चार मन्त्रालय, (२०३९), *मेचीदेखि महाकाली,* सिंहदरबार, काठमाडौंः सुचना तथा सञ्चार मन्त्रालय ।

शर्मा, चुडामणि, (२०७२), *शाखा अधिकृत दिशाबोध प्रशासनिक अभिरुचि परीक्षण,* बानेश्वर, काठमाण्डौं : सारा प्रकाशन ।

शर्मा, जनकलाल, (२०५८), *हाम्रो समाज एक अध्ययन,* पुल्चोक, ललितपुरः साझा प्रकाशन ।

Abraham, M.F.,(1982), *Modern Sociological Theory An Introduction*, London: Oxford University Press.

Bennett, L., (1979), *Tradition And Change In The Legal Status Of Nepalese Women*, Kirtipur, Kathmandu: Centre for Economic Development and Administration.

Brown, R.A.R., (1952), *Structure and Function in Primitive Society,* Illinois, London: The Free Press Glencoe.

Dahal D.R, (2008), *Research In Anthropology/ Sociology In Nepal: Yesterday And Today*: Proceedings of National Workshop on Past, Present and Future of Sociology/Anthropology in Nepal (1-2 December (2007)).

Delton, T., (1768), *Encyclopedia Britannica* Vol.19, Chicago: The University of Chicago.

Durkheim, E., (1982), *The Rule of Sociological Method*, NewYork: The Free Press.

Ghimire, Premlata, (1993), *Class and Gender Studies: An Interpretation at Unorilocatility among the Satar*, Bryan Mawar: College Unpublished Paper.

MacIver, R.M. and Page,C.H., (1974), *Society AnIntroductory Analysis*, New Delhi: MacMillan Publication.

Malinowski, B., (1961), *Argonauts Of The Western Pacific,* London: George Routledge & Sons, Ltd.

Morton, R.K., (1949),*Modern Sociological Theory An Introduction*, London: Oxford University Press.

Ortner, S.B., (1978), *Sherpas Through Their Ritual,*United Kingdom: Cambridge University Press.

Ritzer, G.,(1992), *Sociological Theory*, McGraw, London: Hill International.

Sharma, P.R., (1977) Caste, *Social Mobility And Sanskritization: A Study Of Nepal's Old Legal Code,* Ratna Pustak Bhandar, Kathmandu: Kailash Vol. 5.

http://wesanthals.tripod.com

http://www.pahichanaphnai.com